# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष ४ अङ्क २७ पूर्णाङ्क १७२ | २०७६ माघ २७ गते सोमबार | Monday, 10 Feb, 2020 | पृष्ठ ८ | मूल्य रु. १०।-


## आगामी संघर्षलाई प्रभावकारी ढंगले अघि बढाउने निर्णय गर्दै आन्दोलनरत नौ दलको बैठक सम्पन्न

काठमाडौं । यही माघ २४ गते देशका ७ प्रदेशमा आयोजित लिम्पियाधुरा-कालापानी-लिपुलेकमा भएको भारतीय अतिक्रमण र कब्जाको विरोध र एमसीसी सम्झौताको खारेजीको विषयलाई लिएर सम्पन्न विरोध कार्यक्रमपश्चात आन्दोलनरत नौ राजनीतिक दलहरुको बैठक देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेलको अध्यक्षतामा बस्यो । जसमा निम्न अनुसारको सहभागिता रहेको छ :- (१) नेकपा मसाल- क.मोहनविक्रम सिंह, (२) नेकपा (क्रान्तिकारी माओवादी) क. मोहन वैद्य किरण, (३) नेकपा (माले) क. सीपी मैनाली, (४) नेकपा क. ऋषि कट्टेल, (५) देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल क. सीपी गजुरेल, (६) राष्ट्रिय जनमोर्चा नेपाल क. चित्रबहादुर केसी, (७) नेकपा (माओवादी केन्द्र) क. *बाँकी ४ पेजमा*

## सीमा अतिक्रमण र एमसीसीको विरोधमा

# देशैभर नौ दलको विरोधसभा भव्य रुपमा सम्पन्न






काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) लगायत नौं दलले देशैभर सीमा अतिक्रमण र एमसीसीको विरोधमा विरोध सभा भव्य रुप्मा सम्पन्न गरेका छन् । नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मसाल), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, राष्ट्रिय जनमोर्चा, नेकपा (माले), नेकपा (माओवादी केन्द्र), नेपाल कम्युनिस्ट पार्टी, जनसमाजवादी पार्टी नेपाल लगायतका पार्टीहरुको संयुक्त आयोजनामा माघ २४ गते शुक्रबार १ नं. प्रदेशको इटहरीमा, २ नं.प्रदेशको जनकपुरमा, ३ नं. प्रदेशको काठमाडौंमा, ४ नं. प्रदेशको पोखरामा, ५ नं. प्रदेशको बुटवलमा, ६ नं. प्रदेशको सुर्खेतमा र ७ नं. प्रदेशको धनगढीमा विरोध सभा सम्पन्न गरिएको छ ।

भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादका साथै दलाल प्रतिक्रियावादी ओली सरकारका विरुद्ध चर्को नारा जुलुससहित आन्दोलनमा उत्रिएका नौ दलका नेताहरुले विरोधसभालाई सम्बोधन गदै भारतीय विस्तारवादद्वारा अतिक्रिमित भूमि लिम्पियाधुरा, कालापानी, लिपुलेक, सुस्तासहित ७१ ठाउँको ६० हजार हेक्टर भन्दा बढी भूभाग फिर्ता गर्नुपर्ने, नेपाल सरकार र अमेरिकी निकाय एमसीसीसँग गरिएको राष्ट्रिघाती सम्झौता खारेज गर्नुपर्ने लगायतका विषयलाई जोडदार रुपमा उठाएका छन् ।

नेताहरुले आवश्यकता परे बलिदानको कोटा चुक्ता गरेर भएपनि देशको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय *बाँकी ५ पेजमा*

## जनयुद्धको रगतमा टेकेर सरकारमा गएकाहरुले धोका दिए : *महासचिव किरण*



काठमाडौं । नेवाः राष्ट्रिय मुक्ति मोर्चाको तेस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन काठमान्डौको असन चोकमा भव्यताका साथ सम्पन्न भयो । रत्नपार्कको शान्तिबाटिकामा भेला भएर विशाल जुलुस प्रदर्शनसहित विभिन्न नाराबाजीकासाथ सहर परिक्रमा गर्दै असनचोकमा पुगेर आमसभामा परिणत भएको थियो ।

आमसभालाई सम्बोधन गर्दै प्रमुख अतिथिको रुपमा नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले जनयुद्धको रगतमा टेकेर सरकारमा गएकाहरुले सरकारमा गएपछि सर्वहारा वर्ग, आदिवासी जनजाति, उत्पीडित, दलित लगायतका सबै समुदायलाई धोका दिएको बताउनुभएको छ । शुक्रबारदेखि काठमाडौंमा शुरु भएको नेवाः राष्ट्रिय मुक्ति मोर्चाको तेस्रो राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै महासचिव किरणले यस्तो बताउनुभएको हो ।

देश संघीयतामा गए पनि संघीयताको नाममा पुरानै संरचना बनाए जस्तै वाग्मती, गण्डकी जस्ता नामाकरण गर्नु जातीय पहिचानको हिसावले गलत भएको बताउनुभयो । उहाँले प्रदेशको नाममा वाग्मती, गण्डकी जस्ता राखिनु प्रति नेकपा क्रान्तिकारी माओवादीको असहमति रहेकोमा जोड दिँदै महासचिव किरणले आफ्नो पार्टी उप्तीडित, आदिवासी जनजाति, दलित लगायत सबैको पक्षमा लडिरहेको बताउनुभयो ।

त्यसैगरी महासचिव किरणले नेवार समुदायले नेपालको सम्भवताको विकासमा साहित्य कला संस्कृतिको विकासमा अन्त्यतै महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको स्मरण गदै अहिले नेवार समुदाय आफ्नै थलोमा विस्थापित हुने खतरा बढिरहेको र यो निक्कै दुःखद भएको बताउनुभयो । यसलाई गम्भीर ढंगले सोच्नु पर्ने बेला आएकोमा उहाँको जोड थियो ।

आमसभालाई *बाँकी ८ पेजमा*

## काठमाडौंको शान्तिबाटिकामा नौ दलको विरोध सभा, एमसीसी पूर्ण रुपमा खारेज गर्नु पर्छः गजुरेल



*तस्बिर : अमिट योञ्जन*

काठमाडौं । २०७६ माघ २४ गते ९ दलको संयुक्त विरोध-सभा कार्यक्रम रत्नपार्कको शान्तिबाटिकामा सम्पन्न भयो । कार्यक्रममा सबै दलका प्रतिनिधिहरुले आ-आफ्नो धारणा तथा विचार व्यक्त गरैं ।

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष चन्द्रप्रकास गजुरेल "गौरव"ले एम.सि.सि. *बाँकी ७ पेजमा*

## सुर्खेतमा संयुक्त विरोध जुलुस र सभा सम्पन्न




सुर्खेत । भारत सरकारले कब्जा गरेको नेपालको लिम्पीयाधुरा, लिपुलेक र कालापानीलगायत नेपाली भू–भाग फीर्ता र एमसीसी सम्झौता खारेजीको माग राख्दै ९ वटा राजनीतिक दलहरुले कर्णाली प्रदेशको राजधानी सूर्खेतमा संयुक्त विरोध जुलुस र सभा सम्पन्न गरेका छन् ।

सुर्खेतको मंगलगढी चोकबाट सुरु भएको विरोध जुलुस पिपल चौतारामा पुगेर विरोध सभामा परिणत भएको थियो । राष्ट्रिय जनमोर्चाका *बाँकी ३ पेजमा*

## मुलुकको भूभाग भारतीय फौजबाट लिन र एमसीसी सम्झौता नगर्न जनकपुरमा नौ वाम दलको संयुक्त विरोधसभा




जनकपुर । नौ वाम दलले जनकपुरमा मुलुकको भु-भाग भारतीय फौजबाट लिन र एमसीसी सम्झौता नगर्नका लागि संयूक्तरुपमा विरोध सभा गरेका छन् ।

शुक्रबार *बाँकी ६ पेजमा*

## ट्रपको 'उन्मत्त सैन्यीकृत साम्राज्यवाद'को सेवामा ओली सरकारका मन्त्री र बुद्धिजीवी

*महाकाली-टनकपुर सन्धीमा हस्ताक्षेर गर्नेहरु नै अहिले एमसीसीका लागि एक ढिक्का भएका छन् । फरक यति छ कि त्यसबेला सरकारमा रहेको नेपाली कांग्रेसका अध्यक्ष शेरबहादुर प्रतिपक्षमा छन् भने त्यसवेलाको प्रतिपक्षका ओली अहिले सरकारका प्रधानमन्त्री छन्*



● हुकुमबहादुर सिंह ●

एमसीसीका कारण नेपालका केही बुद्धिजीवीहरु, जसले विगतमा अमेरिकी डलरको स्वाद चाखी सकेको इतिहास छ, र ओली सरकारका मन्त्रीहरु, जो विदेशी प्रतिक्रियावादीहरुलाई सरकारमा बसेर उनीहरुका एजेण्डाहरुलाई उनीहरुको हीतमा नेपालमा लागुगरेर खुशी राख्न चाहन्छन्, तिनीहरुका लागि नेपालको राष्ट्रियता तथा सार्वभौमिकताको रक्षाको चिन्ताभन्दा अमेरिकी र विदेशी प्रतिक्रियावादीहरुको स्वार्थलाई कसरी नेपालबाट पुरा गराउने चिन्ताले सताएको प्रष्टै देखिएकोछ । यी सबैको अग्रपंक्तिमा ओली सरकारका प्रवक्ता तथा सुचना मन्त्री गोकुल बास्कोटा देखिन पुगेका छन् भने त्यसको लाइनमा सरकाका प्रधानमन्त्री स्वयम्, प्रतिपक्ष दल नेपाली कांग्रेसका अध्यक्ष शेरबहादुर देउवा, नेपालको राष्ट्रिय योजना आयोगका भुतपूर्व उपाध्यक्षहरु स्वर्णिम वाग्ले, शङकर शर्मा, राजनीतिज्ञ रबिन्द्र मिश्र, कमल थापाआदि देखिएका छन् । भुतपूर्व उपाध्यक्ष स्वर्णिम वाग्लेले त एमसीसीको विरोध गर्नेहरु अल्पज्ञानी हुन *बाँकी ७ पेजमा*

## सम्पादकीय

# संयुक्त आन्दोलनलाई व्यापक र सुदृढ बनाऔं !

माघ २४ गते देशका सात वटै प्रदेशमा नौ वटा राजनीतिक दलले भारतीय विस्तारवादी हस्तक्षेप र अमेरिकी साम्राज्यवादी परियोजना एमसीसीका विरुद्धमा विरोधसभा सम्पन्न गरे । अतिक्रमित भूमि लिम्पियाधुरा, लिपुलेक, कालापानी लगायत ७१ स्थानको ६० हजार हेक्टरभन्दा बढी भूमि फिर्ता गरिनुपर्ने र नेपाल सरकार र अमेरिकी निकाय एमसीसी बीच भएको राष्ट्रघाती सम्झौता खारेज गरिनुपर्ने माग राख्दै नौ दलले आयोजना गरेको विरोध सभा सात वटै प्रदेशमा भव्य रुपमा सम्पन्न भयो । यो विरोधसभालाई सच्चा देशभक्त, वामपन्थी तथा क्रान्तिकारी जनतप्काले निकै उत्साहपूर्वक हेरे । यो संयुक्त विरोध कार्यक्रम तथा आन्दोलनले जनतामा एउटा आशाको रक्तसंचारसमेत गर्न सफल भएको छ ।

राष्ट्रिय स्वाधीनतामाथि गम्भीर संकट उत्पन्न भएसँगै राष्ट्रिय स्वाधीनताको रक्षा, सार्वभामिकता र क्षेत्रीय अखण्डताको रक्षाको निम्ति एकै ठाउँमा उभिई कार्यगत एकता घोषणा गरेका नौ दलको यो संयुक्त आन्दोलनलाई धेरैले आशाको नजरले हेरेका छन् । फरक विचार र राजनीति भए पनि सच्चा देशभक्त, वामपन्थी तथा कम्युनिस्ट क्रान्तिकारी शक्तिहरु एकताबद्ध हुनुपर्छ भन्ने आवाज उठिरहेको यस अवस्थामा नौ दलले गरेको यो कार्यगत एकतालाई जनताको ठूलो हिस्साले सकारात्मक रुपमा लिएको छ । र, कार्यगत एकतालाई पार्टी एकतासम्म लैजानुपर्ने आवाज पनि उठिरहेका छन् ।

सामन्त, दलाल तथा नोकरशाही पुँजीपति दलाल वर्गले प्रतिक्रियावादी सत्तालाई सुदृढ गर्दै लगेपछि सच्चा कम्युनिस्ट क्रान्तिकारी तप्कामा पनि एकताको स्वर र दबाब बाक्लिदै आएको छ । तर समुहगत तथा दलगत संकीर्ण स्वार्थ, व्यक्तिगत स्वार्थ र इगोका कारण पनि विचार र राजनीतिमा एकरुपता हुँदाहुँदै पनि साना कम्युनिस्ट घटकहरुबीचमा एकताभाव पैदा हुन सकेको छैन । यद्यपि पहल र दबाब भने जारी छ ।

सच्चा देशभक्त र कम्युनिस्ट क्रान्तिकारीहरुको केन्द्रको रुपमा स्थापित हुँदै गएको मोहन वैद्य 'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)ले पार्टी एकताको लागि पहल अगाडि बढाइरहेको छ । मिलेका विषयबाट सुरु गरेर नमिलेका विषयहरुलाई छलफल, बहसका माध्यमबाट टुंग्याउँदै लैजाने लचकताका साथ उसले लामो समयदेखि यस विषयमा पहल अगाडि बढाइरहेको छ । तर अपेक्षित एकताको वातावरण भने बनिसकेको अवस्था छैन । तत्काल पार्टी एकता नभए पनि अहिले घोषित कार्यगत एकतालाई सुदृढ बनाउने र विस्तारित गर्दै लैजाने विषयमा नौ वटै दलका नेताहरुको गम्भीर बन्न जरुरी छ । आफ्ना दलीय तथा समूहगत स्वार्थबाट माथि उठेर राष्ट्रिय राजनीतिक मुद्दाहरुको नेतृत्व गर्दै सच्चा वैकल्पिक शक्तिको रुपमा आफूलाई उभ्याउन र स्थापित गर्न संयुक्त आन्दोलनलाई अझ व्यापक र वृहत बनाउन जरुरी छ । समग्र राष्ट्रिय राजनीतिमा प्रभाव पार्न नसक्ने आन्दोलनको कुनै अर्थ रहन्न । यसर्थ, आन्दोलनलाई वृहत र प्रभावकारी बनाउन सबैले जिम्मेबार भएर पहल बढाउन जरुरी छ । जुझारु आन्दोलन तथा सशक्त संघर्षविना राष्ट्रिय राजनीतिमा कुनै प्रभाव पार्न सकिन्न । तसर्थ जुझारु आन्दोलनको विकास गर्न त्यही स्तरको योजना तथा कार्यक्रमहरुको तर्जुमा गर्न पनि ध्यान दिनुपर्ने देखिन्छ ।

वर्तमान प्रतिक्रियावादी सत्ता सच्चा देशभक्त, वामपन्थी तथा कम्युनिस्ट क्रान्तिकारीहरुमाथि फासिस्ट बन्दै गएको छ । उसले आफैले बनाएको संविधानको समेत बर्खिलाप हुने गरी काला कानुनहरु संसदबाट पास गदै लगेको छ । कम्युनिस्ट क्रान्तिकारीहरुले दमन गरेर माटियामेट पार्ने र साम्राज्यवादी शक्तिहरु (मूलतः भारत र अमेरिका)को दलाली गरेर कठ्पुतली सरकारको आयु लम्ब्याउने षड्यन्त्र गरिरहेका छन् । जनस्तरमा व्यापक विरोध भइरहे पनि वामपन्थी तथा कम्युनिस्ट आवरणको नवप्रतिक्रियावादी वर्गको वर्तमान ओली नेतृत्वको सरकारले जनघात र राष्ट्रघातको चाङमाथि चाङ लगाइरहेको छ र निहित स्वार्थ पूर्ति गर्न देशकै अस्तित्व नामेट पार्न पनि पछि नपर्ने गरी अगाडि बढिरहेको छ ।

यस पृष्ठभूमिमा देशको स्वाधीनताको रक्षाका साथै वैकल्पिक राजनीतिक नेतृत्वको लागि नौ दलीय आन्दोलनलाई वृहत बनाउँदै लै जान जरुरी छ । दमन र प्रतिरोधका भीषण चरणहरु पार गर्दै यसले व्यवस्था बदल्ने हैसियत निर्माण गर्दै अगाडि बढ्ने छ । यसरी अगाडि बढेर मात्रै यो संयुक्त आन्दोलनले आफ्नौ औचित्य पनि सिद्ध गर्न सक्नेछ । यसतर्फ सम्बन्धित सबैको ध्यान पुग्न जरुरी छ ।

एमसीसीको खारेजी र लिम्पियाधुरा-कालापानी-लिपुलेकलगायत भारतीय अतिक्रमणको विरोधमा लागेका अभियन्ताहरु र विरोध प्रदर्शनमा संलग्न नेपाल मजदुर किसान पार्टी र नेकपा (संयुक्त)जस्ता राजनीतिक दलहरुसँग छलफल गरी कार्यगत एकता र संयुक्त कार्यक्रम आदि बढाउने प्रयत्न गर्नु आवश्यक देखिन्छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# राष्ट्रिय स्वाधीनताको रक्षार्थ क्रान्तिकारी संयुक्त संघर्ष अपरिहार्य

नेपालमा अहिले हाम्रो सामू चुनौतीको रुपमा खडा रहिआएको समस्या भन्नु नै आन्तरिक रुपमा कम्युनिष्ट नकावधारी केपी ओलीको नेतृत्व सरकारको राष्ट्र र राष्ट्रियता प्रति गैरजिम्मेवारी हर्कत रहेको छ भने, बाह्य रुपमा साम्राज्यवादी र विस्तारवादीहरुको हस्तक्षेप र अतिक्रमण कार्य तीब्र रुपमा हुँदै आइरहेको स्थिति छ । वर्तमान सरकारको राष्ट्र र राष्ट्रियता प्रति गैर जिम्मेवार हर्कत भन्नाले, हालै मात्र भारतीय विस्तारवादी मोदी सरकारले नेपालको सार्वभौमसत्ता माथि खुल्लैयाम आक्रमण (अतिक्रमण) गरी लिम्पियाधुरा, लिपुलेक र कालापानीलाई आफ्नो राजनैतिक नक्सामा समाहित गरी, नेपाल माथि चुनौती खडा गर्न आएको वर्तमान स्थितिमा, राष्ट्रप्रतिको आफ्नो दायित्वलाई वर्तमान सरकार खेलवादको रुपमा प्रस्तुत हुँदै, समस्या समाधान गर्नुको नाउँमा गोहिको आँसु चुहाउनमा व्यस्त रही, आफुले आफैलाई राष्ट्र र राष्ट्रियता प्रतिको कुनैपनि जिम्मेवारी वहन गर्न असक्षम मात्र होइन अझ आफुलाई भसमासूर सावित गर्दै, राष्ट्र र राष्ट्रियता भाँडमे जा भने जस्तै गरी मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) नाउँको अमेरिकी परियोजना, कुन कामको प्रयोजनको लागि हो र कसरी प्रदान गरिन्छ भन्ने कुरा स्पष्ट भईसकेको स्थिति, अर्थात यो एमसीसी अमेरिकी परियोजना वास्तवमा माछालाई अल्झाउने बल्छी (बल्सी) जस्तो हो र जसमा सिङ्गो नेपाललाई सिरिया, रुवाण्डा, रुमानीया तथा इराकलाई जस्तै माछा बनाई लटकायर चीनलाई घेराहाल्ने आफ्नो दुःस्त्याइपूर्ण अभिप्राय पुरा गर्न बुनेको बल्छी हो भन्ने कुरा खुलासा हुँदाहुँदै पनि एमसीसी परियोजना बिशुद्ध आर्थिक सहयोग भन्दै हसुर्न लालायित बन्न पुग्नु ।

**एमसीसी सम्झौतामा भएका दुरासयपूर्ण बुँदाहरु :-**

(१) अमेरिकाले नेपाललाई प्रदान गर्ने भनिएको सहयोग रकम कुन परियोजनाका लागि हो भन्ने कुरा अमेरिकाले आफै छान्ने (२) एमसीसी लागु भएपछि अमेरिकाको एमसीसी परिचालन बोर्डलाई नेपालले स्वायत्त अधिकार सहित संवैधानिक मान्यता प्रदान गर्नु पर्ने (३) एमसीसी परियोजना संचालनमा नेपालले कुनै पनि चासो राख्न नपाउने, कुनै सोधपुछ नै गर्न नपाउने (४) एमसीसी परियोजनाको बौद्धिक सम्पत्ति अमेरिकाको हुने (५) रोजगारी पनि अमेरिकाकै नागरिकले पाउने (६) एमसीसी परियोजना लागू भएका स्थानको जमिन, नदी, बन जेजे पर्छ सबै नेपालका सम्बन्धित मन्त्रालयले अमेरिकाको एमसीसीको नाममा बनाइदिनु पर्ने ((७) एमसीसी लागु भएको ठाउँमा अमेरिकाले आफ्नो परियोजनाको सुरक्षाको लागि अमेरिकाको सेना राख्ने (८) एमसीसी परियोजनाका आवश्यक सम्पूर्ण सामाग्री सबै अमेरिकाले नै किन्ने र नेपालले के किनेर ल्याएको भन्न पनि नपाउने (९) अमेरिकाको परियोजनामा भारतको समर्थन अनिवार्य हुनुपर्ने (१०) नेपालका एमसीसीसँग बाझिँएका कानुन स्वतः रद्द भई अमेरिकाको कानुन लागु हुने ।

एमसीसी सम्झौताका बुँदाहरुले के कुराको संकेत स्पष्ट रुपमा खुलासा गरेको देखिन्छ भने नेपालको स्वतन्त्र सार्वभौमसत्ता, एमसीसी परियोजनाको अगाडि गौण मात्र हो र ती बुँदाहरु, नेपालको संविधान भन्दा माथि रहेको इङ्गीत गरेको प्रष्ट देखिन्छ । यस अर्थमा


● पुष्प गोपाल श्रेष्ठ ●

नेपालको अस्तित्व नामेट गर्दै, नेपालको राष्ट्रिय स्वाधिनता माथि अमेरिकी साम्राज्यवादको हैकम जमाउन लाउने जस्ता राष्ट्रघाटी काममा यी राष्ट्रिय आत्मा समर्पनवादी दलालहरु, यस्तो राष्ट्रघाटी कार्य (कदम) सफल पार्न तँछाद-मछाद गर्दै लागि परिरहेका छन् ।

एमसीसी सम्झौताका उपरोक्त बुँदाहरुमा उल्लेखित प्रावधानहरले नेपालको स्वतन्त्र सार्वभौमसत्तालाई खिल्ली उराउँदै नेपालको संविधान माथि बुइछढ्ने घृष्टता कितान गरेको स्पष्ट रुपले देख्दा देख्दै पनि, यहाँका ती राष्ट्रिय आत्मा समर्पनवादी दलालहरु अमेरिकन साम्राज्यवादको इन्डो-प्यासिफिक रणनीतिमा आधारित एमसीसी परियोजनाको उद्देश्य पूर्वी तथा दक्षिण एसियामा आफ्नो दरो उपस्थिति जनाउनुको सँगै चीनलाई घेराउ गर्ने अमेरिकी साम्राज्यवादी एवम् भारतीय विस्तारवादीहरुको जालसाजी प्रति पुरै आँखा चिम्लेर लुते-कुकूरहरु झैं त्यो एमसीसी सम्झौता रुपी हड्डीको पछिपछि पुच्छर हल्लाउँदै स्याँ स्याँ गरी मुखबाट र्‍याल चुहाउँदै कुदिरहेका छन् ।

अर्कोतर्फ नेपाली काँग्रेस आफुले २०७४ सालमै वासिंडटनमा गई एमसीसी सम्झौतामा नेपालका तर्फबाट अर्थमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले हस्ताक्षेर गरी आएकोलाई, हाल आएर दवल नेकपाका परराष्ट्र्ष्ट मन्त्री प्रदिप ज्ञवाली अमेरिका पुगेर एमसीसी सम्झौताको नविकरण गरी आउनुबाट, नेपाली काँग्रेस आफैमा गौरवान्वित भई सत्तापक्षसँग घाँटी जोडी, सिंगो नेपाली भूमिलाई कुरुक्षेत्रमा परिणत हुने गरी, चीनलाई घेराउ गर्न नेपालमा अमेरिकी सैन्य अखडा गर्न दिन संसदबाट एमसीसी परियोजना प्रस्ताव अनुमोदन गरेर अमेरिकी सैन्य योजना सफल पार्न मरिहत्ते गरिरहेका छन् ।

नेपालका ती राष्ट्रघाती दलालहरुले निम्त्याएको यो राष्ट्र र राष्ट्रियताको निम्ति अत्यन्तै जतिलतम् नेपालको वर्तमान स्थिति विरुद्ध राष्ट्रिय स्वाधिनता रक्षार्थ राजनैतिक दल र सच्चा देशभक्त स्वाभिमानी जन-समूदायको साथीसङ्गी बनी हातेमालो गरी, स्वाभिमानी नेपालीको पहिचानसहित विश्वमा शिर ठाडो गरी जिउने कि, राष्ट्रिय आत्मा समर्पणवादीहरुको रक्षा-कवच बनी भाडाका टट्टु बनी जिउने भन्ने कुरा यथार्थमा, नेपाल रहे नेपाली रहन्छ, नेपाल नै रहेन भने नेपाली कहाँ रहन्छ भन्ने कुरालाई गम्भिरतापूर्वक मनन् गरी, सच्चा देशभक्त स्वाभिमानी नेपालीको मानसिक्तालाई अङ्गाली विशुद्ध क्रान्तिकारी कार्यनीति निर्क्यौल गरी, नेपालका तमाम् स्वाभिमानी नेपाली खासमा उत्पीदितवर्ग उत्पीडित जाति तथा श्रमिक जनसमुदाय अत्यन्तै महत्वका साथ गम्भीर भई जिम्मेवारीपूर्ण ढङ्गले चिन्नतन मनन् गरी, आजको राष्ट्रिय आवश्यक्ता अनुरुप क्रान्तिकारी संघर्षमा सरिक भई मरिमेट्न तयार भएर अगाडि बढ्ने जमर्को गनै पर्छ ।


यसरी नै ती राष्ट्रिय आत्मासमर्पनवादी दलालहरको घोर राष्ट्रघाती सोच र क्रियाकलाप (योजना) विरुद्ध देशव्यापि रुपमा क्रान्तिकारी सडक आन्दोलन चर्काउँदै लगेर, यसै आन्दोलनबाट त्यस्ता राष्ट्रघातीहरुलाई राज्यसत्ताबाट गलहत्याउनुको सँगै तिनीहरुको त्यो ठाँट-थलो दलाल नोकरशाही पूँजीवादी, अर्ध-सामन्ति व्यवस्था तथा अर्ध-नवऔपनिवेशिक राज्यव्यवस्थालाई समेत ध्वष्ट पारी, नयाँ जनवादी व्यवस्था (सङ्घात्मक जनगणतन्त्रीय राज्य-व्यवस्था) निर्माण गरी, नेपालको राष्ट्रिय स्वाधिनताको रक्षा गर्नु सच्चा देशभक्त स्वाभिमानी नेपाली जन-समूदायको मूल मक्सद रहिआएकोलाई व्यवहारमा उतार्ने वर्तमानको यो अवसरलाई गुम्न दिनुहुन्न, यसलाई सही मानेमा क्रान्तिकारी सोच अनुरुप व्यवहारतः कार्यान्वयन गर्न सक्नुपर्छ ।

भारतीय विस्तारवादको दुष्ट्याइँपूर्ण सोच नेपाललाई सिकिमीकरण गरीभारतमा गाभ्ने रहेका छ भने युद्ध सरदार रक्तपिपासु अमेरिकी साम्राज्यवादको साजिस नेपालमा आफ्नो उपनिवेश कायम् गरी सिङ्गो नेपाली भूमिलाई कुरुक्षेत्र बनाउने दुष्ट्याइँपूर्ण सोचलाई, नेपालका लुते कुकूर प्रवृत्तिका सत्तासिनहरुलाई आर्थिक रुपी हड्डीको प्रलोभनमा पारी, एमसीसी सम्झौता संसदबाट अनुमोदन गराउन हुनेसम्मको कुतिल चाल चली दुःसाहसको भारि, नेपालमा आफ्नो सैनिक अखडा खडा गरेर चीनलाई घेराउगर्ने प्रकृयाभित्र सिङ्गो नेपाललाई चेपमा पारी ध्वष्ट पार्ने अमेरिकी साम्राज्यवादी कुतिल चाल विरुद्ध, नेपालका तमाम् सच्चा देशभक्त स्वाभिमानी क्रान्तिकारी बाम्पन्थी, विभिन्न चिरामा विभाजित क्रान्तिकारी कम्युनिष्ट पार्टी र अन्य राजनैतिक दल, उत्पीडित वर्ग, उत्पीडित जाति तथा श्रमजिवी जन-समूदाय सबका सब एकतावद्ध भई जुझारु ढङ्गले राष्ट्रिय क्रान्तिकारी संघर्षमा आवद्धभई, राष्ट्रघाती एमसीसी सम्झौतालाई च्यातचुत पारी हावामा उडाई, नेपालको राष्ट्रिय स्वाधिनताको महासंग्राममा जुट्नु नेपाली मात्रको दायित्व हो ।

राष्ट्र र राष्ट्रियताको हितप्रति समर्पित व्यक्ति विशेष वा समूह र राजनैतिक दल जो कोही पनि आज देशमा, साम्राज्यवाद तथा विस्तारवादले आफ्नो दुरासयपूर्ण सोचका साथ थुपार्न ल्याइपुर्‍याएको यो राष्ट्रिय महा-संकटको घडीमा पनि छुट्टाछुट्टै (बेग्ला बेग्लै) आ-आफ्नै सोच र आ-आफ्नै तालले डम्फु बजाई बस्ने बेला होइन भन्ने राजनैतिक सोच, स्वयम् आफुभित्र जगाई सच्चा दिलले एकजुट भई, राष्ट्रिय स्वाधिनताको रक्षार्थ आवश्यक्ता अनुरुप राजनैतिक रणनीति, कार्यनीति र कार्यदिशा निर्माण गरी (अपनाई) भित्रैदेखि राष्ट्रिय क्रान्तिकारी संघर्षमा समर्पित भई उत्रनु सच्चा देशभक्त स्वाभिमानी नेपालीको यो नै एक मात्र पहिचान हो र यो आजको राष्ट्रिय आवश्यक्ता पनि हो । २०७६/१०/१९

*ताहाचल, काठमाडौं*

# विष मिसाएको मिठाई र नेपाली जनता


●घननाथ सापकोटा 'विकास'●

झण्डै आजभन्दा १०० वर्ष अगाडि चिनियाँ कम्युनिष्ट पार्टीका अध्यक्ष तथा क्रान्तिनायक माओत्सेतुङले भन्नुभएको थियो । चिनिया जनताको मुक्तिको बाधक दुइ ठूला पहाडहरु हुन् । ती दुइ ठूला पहाडहरु माथी बिजय प्राप्त नगर्दा सम्म चिनिया जनताको मुक्ति संभव छैन । ती पहाडहरु हुन् साम्राज्यवाद र सामन्तवाद । साम्राज्यवादको नेतृत्व जापानले गरेको थियो सामान्तवादको नेतृत्व न्याङकाइसेकको सरकारले गरेको थियो । अध्यक्ष माओले नेतृत्व गरेको चिनिया कम्युनिष्ट पार्टीले जापानि साम्राज्यवाद माथी बिजयप्राप्त गरेर चिनलाई मुक्त बनाउने काम भयो । सामन्तवादको नाइके च्याङ्ग काइसेकको सरकार माथी बिजय प्राप्त गरेर देशमा जनगणतन्त्र स्थापना गर्ने काम भयो ।

वर्तमान हाम्रो देश नेपालको सन्दर्भमा पनि यो कुरा ठयाक्कै मेल खान आएको छ । हाम्रो देशमा दुइ ठूला पहाडहरुले नेपाली जनताको मुक्ति र भविष्यको बाधक बनेका छन् । ती पहाडहरु हुन् अमेरिको साम्राज्यवाद तथा भारतिय बिस्तारवाद र घरेलु दलाल प्रतिक्रियावादी सरकार । यी दुइवटा पहाडहरुले जसरी गिद्धे सिनो लुञ्छदाझै नेपाललाई दुछि रहेका छन् । घरेलु दलाल प्रतिक्रियावादी सरकारको नेतृत्व ओली सरकारले गरेको छ । आज भन्दा एक वर्ष अगाडि परराष्ट्र मन्त्री प्रदिप ज्ञवालीले अमेरिकाको सैन्य रणनीति इण्डोप्यासिफिक रणनीतिमा संझौता गरेर आएका रहेछन् जुन हालसम्म गुपचुप राखेका थिए । केहि समय अगाडिसम्म इण्डोप्यासिफिक रणनीतिमा मैले संझौता गरेको छैन् भनेर भने हाल आएर बुझ्दा मिलिनियम च्यालेन्ज कर्पोरेशन राष्ट्रघाति आर्थिक लगानी सहित संझौता गरेको सहि ठहर्न आएको छ । उता भारतले कालापानी लिम्पियाधुरा लिपुलेक आफ्नो नक्सामा पारेर सार्वजनिक गर्दापनि औली सरकार मौनता साथ बसेको छ । राष्ट्रघातको नमुना यस्तो छ । अर्को देशमा भ्रष्ट्राचार दिन दुइगुणा रात चौगुणा मौलाएर गएको छ । पुर्खाहरुले बचाई राखेको खाली सार्वजनिक सरकारी जग्गा कुलोनहर मठमन्दिर पानीघाट सबै कमिशनको भरमा सत्तामा पहुँच हुनेका नाममा दर्ता गरिएको छ । कतिपय ठाउँ कौडीको भाउमा ठेक्कामा दिइएको छ । बालुवाटारको ललिता निवासको सरकारी जग्गा डबल नेकपाको महासचिव बिष्णु पौडेलको छोरा नविन पौडेलको नाममा पारीएको छ । गोकर्ण जङ्गलको जग्गा कमिशनको खेलमा सस्तो मूल्यमा यति समूहलाई ५ वर्ष बाँकी छदाँछदैं २५ वर्ष म्याद थपिएको छ । ३३ किलो सुनकाण्ड, वाइुठबडीकाण्ड, काठमाण्डौं टुडीखेलको जग्गाकाण्ड, आयलनिगमको जग्गा खरिदकाण्ड लगायत जहाँ जे काम गर्दा होस् त्यहाँ भ्रष्ट्राचार घुसेकै जसरी हुन्छ देशलाई लुछि एकै छ । निर्मला पन्त जस्ता १३ वर्षिया बालिमा बलत्कार भएर मात्र सुख पाउँदैनन् प्राण पखेटन नै उडाइन्छ । सरकार त्यस्ता बलत्कारी हत्याराहरुलाइै कार्बाइ गर्नको साटो संरक्षण गर्दछ । कुरा यति मात्र होइन् दाँइजोको नाममा दिनहुँ छोरी चेलीहरुको हत्या भएको छ । चाहे बोक्सीको नाममा होस् चाहे जातिय विभेदका कारणले होस् महिलाहरुको जीवन जोखिमा छ । महिलाहरुको अनुहारमा एसिड छरिन्छ ओली सरकारले सुरक्षा र न्याय दिन सकेको छैन । सरकार देश र जनताको पक्षमा काम गर्ने हैसियत राख्दैन तर पत्रकार जगत र नेपाली जनताको वाक स्वन्त्रतामा अकुंश लगाएर लोकतन्त्रको खिल्ली उडाउँन खोजीरहेको छ । अन्तर्राष्ट्रिय रुपमा हाम्रो देशलाई अमेरिकी साम्राज्यवाद र भारतिय बिस्तारवादले चारैतिरबाट घेरीरहेका छन् । भारतले हाम्रो देशलाई आर्थिक भौतिक साँस्कृतिक रुपमा हस्तक्षेप गरिरहेको छ । जसको उत्कर्ष रुप कालापानी लिम्पियाधुरा लिपुलेक आफ्नो नक्सामा पारेर सार्वजनिक गरेको छ । उता अमेरिकाले संसारै भरि आफ्नो साम्राज्य बिस्तार गर्ने सन्दर्भमा साना कमजोर देशहरुमा द्वन्दको बिजारोपण गरेर आफ्नो कठपुतली सरकार गठन गर्ने र ती देशहरुमा आफ्ना सेना तैनाथ गरेर औपनिवेश कायम गरेर त्यँहाको सबै प्राकृतिक स्रोतसाधनको दोहन गर्नु हो । जस्तै इराक, कुबेत, अफगानिस्थान, दक्षिणकोरीया लगायत ५० देशमा उसले आफ्नो सैन्य क्याम्प राखेको छ । शिरियामा द्धन्दको बिजारोपण गरेको छ । अर्को मिलिनियम न्यालेन्ज कर्पोरेशन वगरेले खसीलार्य देखाउने हरियो घाँस हो । जसरी वगरेले खसीलाई घाँस देखाएर गर्दनमा खुकुरी बर्जाछ त्यसैगरी अरब आर्थिक सहायता देखाएर नेपालमा अमेरिकी सेना राख्ने र नेपालको प्राकृतिक स्रोतसाधनको दोहन गर्ने अन्तमा सार्वभौम स्वतन्त्रता समाप्त पार्ने *बाँकी ७ पेजमा*

## सिन्धुपाल्चोकका गाउँहरू र स्कूलहरूमा राष्ट्रिय स्वाधीनता र संगठन विस्तास अभियान तिब्रताका साथ अगाडि बढ्दै

# विद्यार्थी युनियनको आयोजनामा ३ नं प्रदेश स्तरीय प्रशिक्षण कार्यक्रम सम्पन्न





● शिलु न्यौपाने

सिन्धुपाल्चोक । ३ नं प्रदेश अन्तरगत सिन्धुपाल्चोकका विभिन्न स्कुलहरुमा राष्ट्रिय स्वाधिनता र संगठन विस्तार अभियानले तिब्रता लिएको छ । नेकपा(क्रान्तिकारी माओवादी) सम्वद्ध अखिल नेपाल क्रान्तिकारी विद्यार्थी युनियनले प्रशिक्षण,प्रचारप्रसार लगायत संगठन विस्तारलाइ्र तीब्रता दिएको छ ।

यहि अभियानका दौरानमा सिन्धुपाल्चोक जिल्लाको जनजागृत उच्च माविमा अध्ययनरत कक्षा ११ र १२का विद्यार्थीहरुको २७ सदस्यीय समिति गठन गरिएको छ । जसमा अध्यक्ष सागर खत्री, उपाध्यक्ष सुजा भारती र समिर पराजुली, सचिव रुपा गिरी, सहसचिव अनिषा कार्की, कोषाध्यक्ष सरला श्रेष्ठ र अन्य २१ जना सदस्यहरु रहेका छन् ।

सिन्धुपाल्चोक जिल्लाकै जनजागृत माविमा अध्यनरत कक्षा ९ र १०का विद्यार्थीहरुको ४५ सदस्यीय समिति गठन गरिएको छ । जसमा अध्यक्ष सुदीप श्रेष्ठ, उपाध्यक्ष सन्तोषी नेपाली र सोम तामांग, सचिव सावित्रा गिरी, सहसचिव रोजीना भारती र सुष्मीता बि.क., कोषाध्यक्ष सुजन योन्जन र ३८ जना सदस्यहरु रहेका छन् ।

त्यसैगरी सिन्धुपाल्चोक जिल्लाकै इर्खु मावि सांगाचोक गडी न.पा मा अध्ययनरत विद्यार्थीहरुको ३१सदस्यीय समिति गठन गरिएको छ । जसमा अध्यक्ष तामांग, उपाध्यक्ष सुद्ध लक्ष्मी श्रेष्ड, सचिव दिनेस तामांग, सहसचिव ुरसिला खडका, दावा तामांग, कोषाध्यक्ष बिमला श्रेष्ठर सदस्यहरु २६ जना रहेका छन् । त्यसैगरी कोदारी मावि बाह्विसेमा पनि विद्यार्थीहरु बीच पचार्ावितरण र छलफल कार्यक्रम गरिएको थियो ।

यही माघ २० गते अखिल नेपाल क्रान्तिकारी विद्यार्थी युनियनको आयोजनामा ललितपुरको कुपन्डोलमा ३ नं प्रदेश स्तरीय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । उक्त प्रशिक्षण कार्यक्रमको अध्यक्षता र सञ्चालन अखिलको केन्द्रीय उपाध्यक्ष शिलु न्यापानेले गरेकी थिइन । प्रशिक्षणमा देजमो नेपालका अध्यक्ष सीपी गजुरेल गौरवले देशको समसामयिक राजनीतिक पीरस्थिति र विद्यार्थीहरुको दागित्यवारे प्रस्तुति थियो भने ३ नं प्रदेश इन्चार्ज दिने शर्मा सागरले संगठन र विद्यार्थीको आन्दोलनमा भुमिका वारो अनि संगठनका केन्द्रीय अध्यक्ष हरि कृष्ण गजुरेलले त्रिवि विद्यार्थी युनियनको नीर्वाचन र त्यसमा क्रान्तिकारी विद्यार्थीहरुले आफुलाई कसरी सशक्त बनाउने र प्रभाकारी हुनेवारे संक्षिप्तमा आफ्नो मन्तव्य राखेका थिए ।

# धनगढीमा ९ दलको संयुक्त कार्यक्रम




धनगढी । राष्ट्रिय स्वाधीनताको रक्षा र एमसीसी खारेजीको माग राख्दै नौ राजनीतिक दलहरुले धनगढीमा विरोध जुलुस र सभा सफलतापूर्वक सम्पन्न गरेका छन् । उक्त विरोध सभाको अध्यक्षता राष्ट्रिय जनमोर्चा केन्द्रीय सदस्य सुदूरपश्चिम अध्यक्ष नन्दराज भट्टले गरेका थिए भने स्वागत मन्तव्य नेकपा (क्रान्तिकारी माओवादी)का रामबहादुर महराले गरेका थिए ।

सभामा मन्तव्य दिनेहरुमा नेकपा (क्रान्तिकारी माओवादी), केन्द्रीय सदस्य रामबहादुर केसी, नेकपा मसालका कैलाली प्रवक्ता मिलन शाही, देजमो. नेपाल केन्द्रीय सदस्य विष्णु दमाइ, नेकपा केन्द्रीय सदस्य कृष्णहरि भट्ट, नेकपा माले (पि.बि.एम.) सुरेन्द्र ढकाल र राष्ट्रिय जनमोर्चा सुदूरपश्चिम इन्चार्ज मनोज भट्ट र नेकपा माओवादी केन्द्रीय उपाध्यक्ष रामनाथ ढकाल थिए ।

उक्त कार्यक्रमको सञ्चालन नेकपा माओवादी केन्द्रका लोकराज जैसीले गरेका थिए ।

# सुर्खेतमा संयुक्त विरोध जुलुस र सभा सम्पन्न



जिल्ला अध्यक्ष अम्मर नेपालीको सञ्चालन र देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको केन्द्रीय सचिवालय सदस्य तथा कर्णाली प्रदेश संयोजक दिपकबहादुर शाहीको अध्यक्षतामा सञ्चालन भएको विरोधसभालाई नेकपा(क्रान्तिकारी माओवादी)को स्थायी समिति सदस्य रामसिंह श्रीष, राष्ट्रिय जनमोर्चाका महासचिव जनकराज शर्मा, नेकपा(क्रान्तिकारी माओवादी)का पिविएम चक्रपाणी शर्मा, नेकपा(मसाल)का प्रवक्ता मोहन थापा, नेकपा(माले)का के.स. बलबहादुर गिरी, नेकपा( माओवादी केन्द्र)का नरेशबहादुर शाही र राजमोका कर्णाली प्रदेश अध्यक्ष भरतबहादुर शाहीले सम्बोधन गरेका थिए ।

वक्ताहरुले लिम्पीयाधुरा सहितको भूभागलाई समेटेर नेपाल सरकारले नेपालको नक्शा तयार पार्नु पर्ने, यो मुद्दालाई अन्तराष्ट्रियकरण गर्नु पर्ने र एमसीसी सम्झौता खारेज गर्नु पर्ने कुरामा जोड दिएका थिए । उक्त विरोधसभाको प्रमृख बक्ताको रुपमा नेकपा(क्रान्तिकारी माओवादी)को स्थायी समिति सदस्य रामसिंह श्रीषले राष्ट्रिय स्वाधिनता खतरामा पर्नुको कारण नेपालका शासकहरुले गर्दा हो । त्यसकारण राष्ट्रिय स्वाधिनताको रक्षाका लागि आफ्नै देशका विदेशी दलालहरुका विरुद्ध पनि संघर्ष गर्नु पर्ने कुरामा जोड दिएका थिए । विरोधसभालाई नेकपा(माले)का यमबहादुर थापाले स्वागत गरेका थिए भने कार्यक्रमकको बीचबीचमा सामना परिवार रक्तिम सांस्कृतिक परिवारका कलाकारहरुले गीत तथा नृत्य प्रस्तुत गरेका थिए ।

# झापाको दमक, काठमाडौंको गोंगबुँ र कैलालीको अत्तरिया/सुखड बजारमा कोणसभा सम्पन्न

## यात्रुबाहक बसमा नेपालको नक्सासहितको स्टीकर टाँसियो



काठमाडौं । राष्ट्रिय स्वाधीनताको रक्षा र संगठन विस्तार अभियानको पाँचौ दिन आइतबार पश्चिमको केन्द्रीय अभियान टोलीले कैलालीको अत्तरियामा कोणसभा सम्पन्न गरेको छ । कोणसभालाई पार्टी स्थायी समितिका सदस्य रामसिंह श्रीस, प्रदेश इन्चार्ज अनुकूल, देजमोका प्रदेश अध्यक्ष विष्णुराम दमाई, पार्टी केस डायमन्ड, क्रान्तिकारी युवा लिगका महासचिव दिलबहादुर कठायत, अखिल (क्रान्तिकारी)का महासचिव पेशल दाहाल, अनेकिमहासंघ (क्रान्तिकारी) का टंक कोइराला लगायतका नेताहरुले सम्बोधन गरे । कोणसभाको सञ्चालन कैलाली सेक्रेटरी रुद्रप्रसाद कँडेलले गरेका थिए ।

उक्त अभियान टोलीले कैलालीको घोडाघोडी नपा १ सुखड बजारमा पनि आइतबारै कोणसभा सम्पन्न गरेको छ । रुद्र कँडेलले सञ्चालन गरेको कोणसभालाई पार्टी केस लालकिरणले सम्बोधन गरे । कार्यक्रममा सामना साँस्कृतिक परिवारका कलाकारले क्रान्तिकारी गीत प्रस्तुत गरेका थिए ।

आइतबारै झापाको दमक नगरपालिकामा पूर्वको केन्द्रीय अभियान टोलीले कोणसभा सम्पन्न गरेको छ । कोणसभालाई पार्टी प्रवक्ता तथा पूर्वी व्यूरो इन्चार्ज हरिभक्त कँडेल, अनेमसंघ (क्रान्तिकारी)की अध्यक्ष अम्बिका मुडभरी र प्रदेश सचिव रत्न गुरागाई लगायतका नेताहरुले सम्बोधन गर्नुभएको थियो । कोणसभाको सञ्चालन पार्टी प्रदेश सदस्य गजेन्द्र निरौलाले गरेका थिए ।

काठमाडौंमा अभियान टोलीले आइतबार गोङबु नयाँ बसपार्कमा कोणसभा सम्पन्न गरेको छ । कोणसभालाई क्रान्तिकारी माओवादीकी केस तथा काठमाडौं इन्चार्ज सरु, अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघका सचिवालय सदस्य ढोगप्रसाद अधिकारीले सम्बोधन गरेका थिए । कोणसभाको सञ्चालन राम नेपालीले गरेका थिए ।

देशका विभिन्न स्थानमा जाने सार्वजनिक यातायात (बस)मा नेपालको वास्तविक नक्सा प्रयोग गरौं भन्ने आव्हानका साथ नक्साको स्टिकार टाँसिएको छ । करिब सयवटा भन्दा बढी यात्रुवाहक सवारी साधनमा यस्ता स्टीकर टाँसिएको बताइएको छ ।

# नेकपा (क्रान्तिकारी माओवादी) कर्णाली प्रदेशको प्रथम भेला सफलतापूर्वक सम्पन्न

## *प्रदेश सचिवमा चक्रपाणी शर्मा निर्वाचित*




कर्णाली । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) कर्णाली प्रदेशको प्रथम भेला २०७६ साल माघ २४ गतेका दिन सम्पन्न भयो । प्रदेश सचिव कृष्ण गुरुङको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रको उद्घाटन कार्यक्रम पानसमा बत्ती बालेर प्रमुख अतिथि नेकपा (क्रान्तिकारी माओवादी) स्थायी समिति सदस्य रामसिंह श्रीसले गरेका थिए । पि.बि.एम. चक्रपाणी शर्मा, सी.सी.एम. दीपक शाही, किसान संघको तर्फबाट अम्बरबहादुर शाही, महिलासंघको तर्फबाट सहसचिव चन्द्रा थानी, युवा संघको तर्फबाट इन्द्र गौतम, दे.ज.मो. को तर्फबाट भरत रेग्मी, अखिल क्रान्तिकारीको तर्फबाट केन्द्रीय सदस्य नेत्र शाही, सहिद-बेपत्ता परिवारको तर्फबाट केहरसिंह बुढा र मुस्लिम मोर्चाको तर्फबाट अलिम मियाँले भेला सफलताको शुभकामना दिएका थिए । शुभकामना मन्तव्यमा सबै वक्ताहरुले क्रान्तिकारी पार्टी निर्माण र विस्तार गर्ने कुरामा जोड दिएका थिए । उद्घाटन सत्रको सञ्चालन प्रज्ज्वल थापाले गरेका थिए ।

उदघाटन कार्यक्रमपछि बन्द सत्र सुरु गरिएको थियो । जयबहादुर शाही, भरत रेग्मी र चन्द्र थानीको अध्यक्ष मण्डलबाट सुरु भएको बन्द सत्रमा प्रदेश सचिव कृष्ण गुरुङ्ले राजनीतिक प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रतिवेदनमाथि व्यापक छलफलपश्चात् आएका सुझावहरुलाई समेट्ने गरी राजनीतिक प्रतिवेदन पारित गरियो ।

त्यसपछि हाउसले २१ सदस्यीय पूर्ण र ४ सदस्यीय वैकल्पिक गरी २५ सदस्यीय प्रदेश समितिको सङ्ख्या पारित गर्‍यो । प्रदेश समितिको संख्या पारित भएपछि ४ पूर्ण र १ वैकल्पिक सदस्य पछि थप्ने गरी निम्न सदस्य भएको प्रदेश समिति निर्वाचित गरियो : १. चक्रपाणी शर्मा, २. कृष्ण गुरुङ ३. दीपक शाही ४. भरत रेग्मी ५. चन्द्रा थानी ६. वीरेन्द्र सिंह ७. श्याम कार्की ८. चक्र बहादुर शाह ९. कर्ण बि.सी. १०. पूर्ण पौडेल ११ इन्द्र गौतम १२. प्रज्ज्वल थापा १३. ललित सुनार १४. वमबहादुर शाही १५. ज्वाला शाही १६. केहर सिंह बुढा १७. एन. न्यौपाने १८. नेत्र शाही (वैकल्पिक) १९. छत्र तरामी (वैकल्पिक) २०. हिक्मत शाही (वैकल्पिक) ।

जेष्ठ सदस्य केहरसिंह बुढाको अध्यक्षतामा बसेको समितिको पहिलो बैठकले चक्रपाणी शर्मालाई सचिवमा निर्वाचित गर्‍यो । त्यसपछि नवनिर्वाचित कमिटीको तर्फबाट सचिव चक्रपाणी शर्माले प्रतिवद्धता जाहेर गरेका थिए । नवनिर्वाचित कमिटीलाई प्रमुख अतिथि स्थायी समिति सदस्य रामसिंह श्रीशले बधाई दिएका थिए र यसरी भेला समापन भएको घोषणा गरियो ।

# इटहरीमा नौ दलको विरोध सभा भव्य रुपमा सम्पन्न

● मधुकर थापा

इटहरी । 'लिम्पियाधुरा, कालापानी, लिपुलेकसहितको भूमि फिर्ता गर, नेपाल सरकार र एमसीसी बीचको राष्ट्रघाती सम्झौता खारेज गर ' भन्ने मूल नारासहित आयोजित नौ दलीय विरोधसभा १ नं परदेशको इटहरीमा भव्यरुपमा सम्पन्न भयो । इटहरीको बसपार्कबाट सुरु भएको नौ दलीय विरोध जुलुस बजार परिक्रमा गरि सभामा परिणत भएको थियो ।

सभालाई नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटव्युरो सदस्य तथा प्रदेश इन्चार्ज मिनकुमार राउत, नेकपा (माके)का उपाध्यक्ष तिलक थापा मगर, नेकपा (मसाल)का चन्द्रबहादुर केसी, नेकपा मालेका खगेन्द्र प्रसाई, नेकपाका प्रदेशका उपाध्यक्ष सतिलाल चौधरी, जनसमाजवादी पार्टी नेपालका केस मनकुकार राई, देजको केन्द्रीय सचिवालय सदस्य गणेश कटुवाल, राजमो १ नं प्रदेश उपाध्यक्ष विशाल पाठकलगायतका नेताहरुले सम्बोधन गरेका थिए ।

क्रान्तिकारी माओवादीका प्रदेश सचिव रत्न गुरागाईको सञ्चालन र नेकपा (माके)का नेता विमल निरौलाको सभापतित्वमा सम्पन्न विरोध सभालाई सम्बोधन गदै ' नेताहरुले भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादी हस्तक्षेपको चर्को विरोध गरेका थिए

# एमसीसीको विरोध र नेपाली भूमि फिर्ताको माग गर्दै बुटवलमा ९ दलको विरोध सभा

● **टेक मास्की**

बुटवल । नेकपा (क्रान्तिकारी माओवादीं),देशभक्त जनगणतान्त्रिक मोर्चा-नेपालसहित नौ दलको आयोजनामा शुक्रवार बुटवलमा विरोध सभा गरिएको छ ।

भारतद्वारा गरिएको नेपाली भूमि कब्जाको विरोध र एमसीसी सम्झौता खारेजीको माग गर्दैं नौ दलले विरोध सभा गरेको हो । बुटवलको मिडियाचोकमा आयोजित विरोध सभामा नेकपा(क्रान्तिकारी माओवादी)का पोलिटव्यूरो सदस्य प्रेम सवेदी भारतले नेपाली भमी फिर्ता नगरे राष्ट्रियता आन्दोलनलाई अन्तराष्ट्रियकरण गर्नुपर्ने बताउंनुभयो ।

भारतीय विस्तारवाद र अमेरिकी साम्रज्यवाद सामु आत्मसमपर्ण गर्ने सरकारले राष्ट्रिय स्वाधिनताको रक्षागर्न नसक्ने उहांले दावी गर्नुभयो । देशभक्त जनगणतान्त्रिक मार्चा-नेपालका केन्द्रीय उपाध्यक्ष केबी गुरुङले राष्ट्रिय स्वाधिनता र अखण्डता रक्षाको लागि स्वाभिमान गुमाउंन नहुंने बताउंनुभयो ।



अतिक्रमित भूमि फिता र एमसीसी सम्झौता खारेजीका लागि संयुक्त आन्दोलनलाई सशक्त पार्नुपर्नेमा उहांले जोड दिनुभयो । राष्ट्रिय जनमोर्चाका केन्द्रीय उपाध्यक्ष बद्रे आलमले एमसीसीमार्फत अमेरिकाले नेपाललाई इराकीकरण गर्न खोजेको दावी गर्नुभयो । नेकपा माओवादी केन्द्रका केन्द्रीय सचिव बिनोद उपाध्यायले एनसेलएल कम्पनीसंग चुनावी खर्च लिएर केपी ओली,प्रचण्ड र शेरबहादुर देउंवाले कर मिनाहा गरेको प्रसंग उठाउँदैं एमसीसीबाट रकम उनीहरुले खाईसकेकाले संसदबाट अनुमोदन गर्न मरिहत्ते गरेको दावी गर्नुभयो । नेकपा मालेका पोलिटव्यूरो सदस्य चन्द्रकान्त अचार्यले महाकाली सन्धी गरेर घात गरेका केपी ओली,शेरबहादुर देउवाले एमसीसी भित्राएर नेपाली जनतालाई घात गर्न खोजेको आरोप लगाउंनुभयो ।



कार्यक्रममा नेकपा मसाल,रुपन्देहीका प्रवक्ता नारायण जीसी,नेकपाका केन्द्रीय सदस्य समिम अहमद्,राष्ट्रिय जागरण परिषद्का चित्रबहादुर थापा,जनसमाजवादी पार्टीका कृष्ण आचार्य,नेकपा माओवादी केन्द्रका नबिन गोतामे दगायतले बोल्दैं अतिक्रमित भूमि फिर्ता र एमसीसी सम्झौ ता खारेजीका लागि सरकारलाई दबाब दिन खबरदारी गरिहनुपर्ने बताएका थिए ।

देशभक्त जनगणतान्त्रिक मोर्चा प्रदेश ५ का उपाध्यक्ष पिताम्बर आचार्यको सञ्चालन तथा राजमो प्रदेश ५ का सदस्य दधिराम आचार्यको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रम पूर्व बुटवलको नयां वसपार्कबाट र्याली शुरु भएको र उक्त र्यालीले बुटवल बजार परिक्रमा गरि मिडिया चोकमा पुगेर विरोध सभामा परिणत भएको थियो ।

# अखिल क्रान्तिकारीको ३ नं. प्रदेशस्तरीय बैठक सम्पन्न



● **शिलु न्यौपाने**

अखिल क्रान्तिकारीको ३ नं. प्रदेशस्तरीय बैठक सफलतापूर्वक सम्पन्न भएको छ । अखिल क्रान्तिकारीका केन्द्रीय अध्यक्ष हरि कृष्ण गजुरेलको प्रमुख आतिथ्यतामा तथा नेकपा(क्रान्तिकारी माओवादी) का ३ नं. प्रदेश सेक्रेटरी क. प्रवेशको विशेष उपस्थितिमा बैठक सम्पन्न भएको हो । अखिल क्रान्तिकारी केन्द्रीय उपाध्यक्ष्य तथा ३ नं. प्रदेश इन्चार्ज शिलु न्यौपानेद्धारा अध्यक्षता गरिएको उक्त बैठकमा अखिल क्रान्तिकारीका केन्द्रीय अध्यक्ष हरि कृष्ण गजुरेल र नेकपा(क्रान्तिकारी माओवादी)का ३ नं. प्रदेश सेक्रेटरी क. प्रवेशले बैठमा मन्तब्य राखेका थिए । आफनो मनतव्यमा हरिकृष्ण गजुरेलले नेपालको शिक्षा क्षेत्र तष्करहरु र माफियाहरुले बन्जामा लिएको वर्तमान परिस्थितिमा अखिल त्रा।न्तिकारीले शिक्षाको लागि आमूल परिवर्तमा जोड दिनु पर्ने र भविश्यमा सम्पन्न हुन गइरहेको विद्यार्थी निर्वाचनमा अखिलले यी तत्वहरुका दलालका रुपमा विद्यार्थी क्षेत्रमा काम गरिहेका विभिन्न प्रतिक्रियावादी राजनीतिक दलहरुको समर्थनमा विद्यार्थीको रुपमा काम गर्नेहरुलाई भण्डाफोर गर्दै सही क्रान्तिकारी विद्यार्थीहरुको नेतृत्व स्थापित गर्न कठिन संघर्षको मार्गबाट आफुलाइ्र अगाठि बढाउनुको विकल्प नभएको औल्याउनु भयो । त्यसैगरी नेकपा(क्रान्तिकारी माओवादी)का ३ नं. प्रदेश सेक्रेटरी क. प्रवेशले विद्याथीृ नेतृत्वले अझ सशक्त रुपले संगठन विस्तार र आम विद्याथीृहरु बीचमा आफुलाई प्रभावकारी बनाउदै लैजानु पर्ने आवश्यकता छ भने ।

बैठकले काठमान्डौ जिल्ला भेलाका लागि विद्यार्थी नेता मिन गिरीको संयोजकत्वमा र भक्तपुर जिल्ला भेलाका लागि अर्का विद्यार्थी नेता माधव भट्टको संयोजकत्वमा गरेको छ ।

## कोरोना भाइरस लक्षण तथा बच्ने उपाय



चीनको हुबेइ प्रान्तबाट सुरु भएको कोरोना भाइरसको संक्रमण नेपालमा समेत भेटिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले शुक्रबार सूचना निकालेर कोरोना भाइरसको संक्रमणबारे जानकारी गराएको हो । स्वास्थ्य मन्त्रालयका अनुसार एक साता अघि चीनबाट नेपाल फर्किएका युवामा कोरोना भाइरसको संक्रमण भएको थियो । कोरोना भाइरसबाट हालसम्म संक्रमित भेटिएका तीनमध्ये एक जनालाई टेकु अस्पतालमा राखिएको छ ।

टेकु अस्पतालमा निजी अस्पतालबाट रिफर गरिएका भाइरस संक्रमित बिरामीको उपचार भइरहेको छ । साथै, टेकु अस्पताल र पाटन अस्पतालमा छुट्टै कक्ष स्थापना गरी बिरामीको उपचार गर्ने व्यवस्था मिलाइएको छ ।

संक्रमणबाट चीनको हुबेइमा अहिलेसम्म ३९ जनाको ज्यान गएको छ भने हेबेई र हेइलोङझियाङमा एक एक गरि ४१ जनाको ज्यान गइसकेको छ । कोरोना भाइरसको संक्रमण नेपालसहित चीनका साथै अमेरिका, हङकङ, मकाउ, ताइवान, फ्रान्स लगायत १२ देशमा भेटिएको छ । हालसम्म मानवमा देखा नपरेको र उपचारको उपाय समेत पत्ता नलागेको कोरोना भाइरस संक्रमणलाई निक्कै खतरनाक मानिएको छ ।

**के हो त कोरोना भाइरस ?**

कोरोना भाइसरको वास्तविका नाम नोबेल कोरोना भाइरस हो । कोरोना भाइरस रुघाखोकीदेखि मिडल इस्ट रेस्पिरेटरी सिन्ड्रोम र सिभिएर एक्युट रेस्पिरेटरी सिन्ड्रोमजस्ता गम्भीर रोग निम्त्याउने भाइरसहरूको ठूलो समूहको एउटा सदस्य अन्तर्गत पर्दछ । सर्वप्रथम सन् २००३ मा देखिएको एसएआरएस र कोरोना एउटै समूहका भाइरस हुन् । दुवै भाइरसले बिरामीलाई गम्भिर बनाउन सक्छन् ।

**कोरोना भाइरस संक्रमणका लक्षण**

- रुघा खोकी लाग्नु,
- १०४ डिग्री फरेनहाइटभन्दा बढी ज्वरो आउनु
- श्वासप्रश्वासमा अत्याधिक समस्या हुनु,
- घाँटी, टाउको तथा जिउ दुख्ने
- निमोनिया हुनु,
- सिभिएर एक्युट रेस्पिरेटरी सिन्ड्रोम हुनु ।

**कसरी हुन्छ संक्रमण ?**

कोरोना भाइरस पशुपंक्षी र सी फुडको माध्यमबाट सर्ने गर्छ । यो भाइरसले मानिसहरूमा सहजै सर्ने गुण बोकेको हुन्छ । विशेषगरी एउटै परिवारका सदस्यहरू बिरामी भएको अवस्थामा भने एकबाट अर्कोमा कोरोना भाइरसको संक्रमण हुने संभावना उच्च हुनेगर्छ ।

भाइरसको संक्रमण भएको समयमा मिर्गौलाले काम गर्न छोड्ने हुनाले मानिसको मृत्यु हुनेगर्छ । हालसम्म यस भाइरसको संक्रमणबाट लाग्ने रोगको उपचारको पत्ता लागेको छैन ।

भाइरसबाट संक्रमित बिरामीलाई देखा परेको लक्षणको आधारमा उपचार गर्नुपर्ने स्वास्थ्य मन्त्रालय बताउँछ । यो भाइरसविरुद्ध हालसम्म कुनै खोप उपलब्ध छैन ।

**कसरी बच्ने ?**

- रुघाखोकी तथा श्वासप्रश्वासमा समस्या भएका बिरामीको नजिक नजाने
- नियमित साबुन पानीले हात धुने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने,
- जङ्गली तथा घरेलु पशुपंक्षीसँग सिधै सम्पर्क नगर्ने
- अण्डा तथा मासु राम्ररी पकाएर मात्र खाने
- फ्लुको जस्तो लक्षण देखिए अस्पताल जाने

# सीमा रक्षाको माग र एमसीसीको विरोध गर्दै पोखरामा ९ दलको विरोध सभा




पोखरा । नेपाली भूमिमा भारतीय पक्षले गरेको सीमा अतिक्रमण, एमसीसीको विरोध र राष्ट्रिय स्वाधिनताको पक्षमा शुक्रबार नौं राजनीतिक दलले पोखरामा प्रर्दशन गरेको छ ।

प्रदर्शनसँगै नेकपा क्रान्तिकारी माओवादी सहित ९ दलले पोखरामा सभा तथा सांस्कृतिक कार्यक्रम समेत गरेका थिए ।

नेकपा क्रान्तिकारी माओवादी प्रदेश ४ का सेक्रेटरी केशबहादुर परियारको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा क्रान्तिकारी माओवादीका पोलिटव्युरो सदस्य एवम् ४ नं. प्रदेशका इनचार्ज चन्द्रहरि सुवेदी अटल, राष्ट्रिय जनमोर्चाका गण्डकी प्रदेश अध्यक्ष शंकर बराल, देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल ४ नं. प्रदेशका अध्यक्ष नेत्र रानाभाट, नेकपा मसलाका गण्डकी प्रदेशका प्रवक्त चन्द्रबहादुर केसी, नेकपा (माले) का नरेन्द्र शाह, नेकपा (माओवादी केन्द्र) भोजराज त्रिपाठी, नेपाल कम्युनिष्ट पार्टी नेकपाका मनिश भट्टराई, राष्ट्रिय जागरण परिषदका पदम कार्की, वरिष्ठ अधिवक्ता तिलक पराजुली, राष्ट्रिय जनमोर्चाका गण्डकी प्रदेश सभा सदस्य कृष्ण थापा लगायतले बोल्नुभएको थियो । कार्यक्रममा संगम सांस्कृतिक मञ्चका कलाकारहरुले सांस्कृति कार्यक्रम मार्फत राष्ट्रिय स्वाधिनताको पक्षमा सांगितिक प्रस्तुती राखेका थिए ।

कार्यक्रममा बोल्ने वक्ताहरुले एमसीसीले नेपाललाई रणभूमि बनाउने भन्दै कुनै पनि हालतमा एमसीसीलाई स्वीकार गर्न नसकिनेमा जोड दिएका थिए ।

त्यसैगरी अमेरिकाले चिनलाई घेर्ने निति अनुसार एमसीसी ल्याएको भन्दै त्यसको व्यापक विरोध गरेका थिए ।

कार्यक्रममा वक्ताहरुले भारतीय पक्षले सीमा अतिक्रमण गरेको र त्यसलाई रोक्न देशव्यापी रुपमा आवाज उठ्दा पनि सरकारले पहलसम्म पनि गर्न नसक्नु लज्जाष्पद भएको टिप्पणी गरेका थिए ।

## ट्रम्पको...

गोपाल किराँती (८) जनसमाजवादी पार्टी क.सुवास काफ्ले र (९) राष्ट्रिय जागरण परिषद नेपाल साध्य बहादुर भण्डारी ।

बैठकले आगामी संघर्षलाई प्रभावकारी ढंगले अघि बढाउन यस प्रकार निर्णयहरु गरेको छः-

(१) बैठकले माघ २४ गते आयोजित संयुक्त विरोध कार्यक्रम सानदार रुपमा सफल भएको समीक्षा गरेको छ ।

(२) एमसीसीको खारेजी र लिम्पियाधुरा-कालापानी-लिपुलेकलगायत भारतीय अतिक्रमणको विरोधमा लागेका अभियन्ताहरुसँग सहकार्य गर्नुको साथै विरोध प्रदर्शनमा संलग्न नेपाल मजदुर किसान पार्टी र नेकपा (संयुक्त)सँग छलफल गरी कार्यगत एकता र संयुक्त कार्यक्रम आदि बढाउन प्रयत्न गर्ने निर्णय गरेको छ ।

(३) आगामी संघर्षका कार्यक्रम निम्नअनुसार तय गरिएको छ :

माघ २८ र २९- प्रधानमन्त्री तथा सभामुखलाई विरोधपत्र बुझाउने ।

फागुन ३ गते सबै जिल्लामा संय्रुक्त रुपमा विरोध प्रदर्शन र सभाहरु गर्ने

फागुन ५ गते लगनखेलमा वृहत जनसम्वाद कार्यक्रम गर्ने

फागुन ८ गते माइतीघर मण्डलाबाट ब्यानर प्लेकार्डसहित जुलुस प्रदर्शन गर्दै सभा गर्ने ।

# अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाको ३ नं. प्रदेश स्तरीय प्रथम भेला सम्पन्न




२०७६ माघ १६ गते अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाको प्रथम भेला धन तामाङ्को सञ्चालकत्व तथा प्रेम मोक्तान तामाङ्को अध्यक्षतामा दिनको ११ बजे ललितपुर कुपण्डोल पार्टी कार्यालयको हलमा भव्य समारोहबिच प्रमुखअतिथि नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) स्थायी समिति सदस्य तथा दे.ज.मो. नेपालका अध्यक्ष सि.पि.गजुरेल "गौरव"द्वारा मैनबत्ति बालेर उद्घाटन गरियो ।

स्वागत मन्तव्य रवि तामाङ्ले गरेका थिए । विभिन्न न्यायपूर्ण आन्दोलन, जनयुद्धका महान् शहिदहरुप्रति १ मिनेट मौन धारणसहित श्रद्धाञ्जली अर्पण गरियो ।

प्रमुख अतिथि, विशेषअतिथि पि.बि.एम. तथा अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) केन्द्रिय अध्यक्ष सिताराम तामाङ्, पि.बि.एम. तथा प्रदेश नं ३ को सेक्रेटरी सुरेश श्रेष्ठ"प्रवेश", क्रान्तिकारी युवा लिग केन्द्रिय कोषाध्यक्ष ज्ञानु खतिवडा, अखिल नेपाल आदिवासी जनजाति महासंघ प्रदेश नं ३ संयोजक शिव श्रेष्ठ, नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाल प्रदेश नं ३ अध्यक्ष श्रीकृष्ण सुलु, क्रान्तिकारी युवा लिग प्रदेश ३ अध्यक्ष केशव ढल्कोटी, अखिल क्रान्तिकारी प्रदेश नं ३ संयोजक शिलु न्यौपानेले भेला सफलताको शुभकामना मन्तव्य राखे । पि.बि.एम. तथा नेवाः राष्ट्रिय मुक्ति मोर्चाको केन्द्रिय अध्यक्ष पवनमान श्रेष्ठ, पि.बि.एम. तथा प्रदेश नं ३ इञ्बचार्ज दिनेश शर्मा "सागर", सि.सि.एम. तथा फ्याक्सन इञ्चार्ज भरत बुर्जामगर, सि.सि.एम. तथा अखिल नेपाल तामाङ् राष्ट्रिय मुक्ति मोर्चा केन्द्रिय अध्यक्ष फुर्नाम्गेल मोक्तान, महासचिव सुरेश तामाङ्को विशेष उपस्थिति रहेको थियो ।

बन्द-सत्र

भेलाको बन्द-सत्र ललितपुर कुपण्डोल पार्टी कार्यालयको हलमा भयो । बन्दसत्रका अध्यक्ष मण्डल हजार सिंह तामाङ्, सुकु माया तामाङ् र राम कुमार दोङ् रहेको थियो । हजार सिंह तामाङ्ले कार्यक्रम सञ्चालन गरेका थिए । बन्दसत्रमा सङ्गठनात्मक प्रतिवेदन प्रेम मोक्तान तामाङ्ले प्रस्तुत गरेका थिए । प्रस्तुत प्रतिवेदन हलबाट स्वीकृत गरियो । अध्यक्ष मण्डलका अध्यक्ष हजार सिंह तामाङ्द्वारा पेश भएको प्यानल प्रस्ताव छलफल गरिए अनुसार हलबाट सर्वसम्मत गड्गडाहट तालीका साथ पारित भयो । प्यानल प्रस्ताव मध्येबाट जेष्ठ सदस्य इन्द्र लाल दोङ्को अध्यक्षतामा पहिलो बैठकले प्रेम मोक्तान तामाङ्को अध्यक्षतामा चार जना पछि पदपूर्ति रहने गरि ३१ सदस्यीय कार्यसमितिको पदाधिकारी चयन गरियो । जवस मोर्चा फ्याक्सन इञ्चार्ज भरत बुर्जा मगरले नवनिर्वाचित कार्यसमिमितलाई वधाई तथा शुभकामना दिए । अध्यक्षमण्डलद्वारा बन्दसत्र सम्पन्न भएको घोषणा गरियो । चयन भएका कार्य समितिका पदाधिकारीहरु निम्न अनुसारका छन् –

अध्यक्षः–प्रेम मोक्तान तामाङ् काण्माण्डौं, सचिवः– धन तामाङ्, सिन्धुपाल्चोक, उपाध्यक्षद्वयः– पदम् मोक्तान लामा भक्तपुर, मङ्गल तामाङ् काठमाण्डौं, कोषाध्यक्षः– रवि तामाङ् काठमाण्डौ ँ, सहसचिवः– सपना लो रसुवा, सदस्यहरुः– मैते तामाङ् ललितपुर, जुवान सिंह तामाङ् रामेछाप, स्याम तामाङ् धादिङ्, कमल जिम्बा सिन्धुली, सूर्य तामाङ् सिन्धुपाल्चोक, आकाश तामाङ् ललितपुर, टमेश घिसिङ् दोलखा, अमर तामाङ् मकवानपुर, विराज तामाङ् ललितपुर, धन बहादुर मोक्तान "सुवाङ्" दोलखा, मदन तामाङ् भक्तपुर, असली माया तामाङ् भक्तपुर, गीता तामाङ् सिन्धुपाल्चोक, ज्ञान बहादुर तामाङ् काभ्रेपलाञ्चोक, अस्मिता तामाङ् काभ्रेपलाञ्चोक, इन्द्र लाल दोङ् काभ्रेपलाञ्चोक, भीम राज तामाङ् काभ्रेपलाञ्चोक, मेन तामाङ् नुवाकाट, महिला सदस्य ...नुवाकोट, ज्ञान बहादुर तामाङ् धादिङ्, सन्देश तामाङ् मकवानपुर ।

## खगेन्द्र छन्त्यालको पञ्च छन्त्यालको श्रद्धाञ्जली सभा सम्पन्न





माघ २३ गते छन्त्याल संघको सभाहलमा नेकपा (क्रान्तिकारी माओवादी) ३ नं. प्रदेश कमिटीको आयोजनामा श्रद्धाञ्जली सभा सम्पन्न भएको छ । उक्त सभाको अध्यक्षता ३ नं. प्रदेश सचिव सुरेश श्रेष्ठले गरेका थिए भने प्रमुख अतिथि नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरण र अन्य अतिथिहरुमा देजमो नेपालका अध्यक्ष सीपी गजुरेल, महासचिव परि थापा, ३ नं. प्रदेश इञ्चार्ज सागर, छन्त्याल संघका केन्द्रीय अध्यक्ष मोहन छन्त्याल र आदिवासी जनजाति महासंघका उपाध्यक्ष गोविन्द छन्त्याल थिए ।

देहान्तको सातौं दिनमा आयोजित उक्त श्रद्धाञ्जली सभाको सञ्चालन नेकपा (क्रान्तिकारी माओवादी) काठमाडौं इञ्चार्ज सरुबाट भएको थियो ।

सार्वजनिक सम्पत्तिमा प्रत्येक नागरिकको हक छ, त्यसको दुरुपयोग दण्डनीय अपराध हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## देशैभर...

अखण्डताको रक्षा गर्ने उद्घोष समेत गरेका छन् ।

काठमाडौंमा आयोजित विरोधसभालाई देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष एवम् नेकपा क्रान्तिकारी माओवादीका स्थायी कमिटि सदस्य सिपी गजुरेल, नेकपा मालेका महासचिव सिपी मैनाली, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, नेकपा मसालका प्रवक्ता रामप्रकाश पुरी, नेकपाका अध्यक्ष ऋषि कट्टेल, नेकपा माओवादी केन्द्रका अध्यक्ष गोपाल किराँती, नेकपा क्रान्तिकारी माओवादीका पोलिटव्युरो सदस्य दिनेश शर्मा लगायतले काठमाडौंको विरोधसभालाई सम्बोधन गरेका थिए ।

नौ वाम दलले जनकपुरमा आयोजना गरेको विरोधसभालाई नेकपा क्रान्तिकारी माओवादीका प्रवक्ता तथा पूर्वी व्यूरो इन्चार्ज हरिभक्त कँडेल, नेकपाका सह-संयोजक लोकनारायण सुवेदी, नेकपा मालेका नेता दीननाथ घिमिरे, नेकपा माओवादी केन्द्रका केन्द्रिय सदस्य ववन सिंह र राष्ट्रिय जनमोर्चाका केन्द्रिय सदस्य चिन्तामणि पौडेल लगायतका नेताहरुले वर्तमान सरकारको कडा आलोचना गर्दै मुलुकको भुभाग फिर्ता गराउन पहल गर्न र एमसीसी सम्झौता खारेज गर्न सरकारलाई चेताएका थिए ।

त्यसैगरी ६ नं. प्रदेशको सुर्खेतमा आयोजित संयुक्त विरोधसभा पनि भव्य रुपमा सम्पन्न भयो । सुर्खेतको मंगलगढी चोकबाट सुरु भएको विरोध जुलुस पिपल चौतारामा पुगेर विरोध सभामा परिणत भएको थियो । राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष अम्मर नेपालीको सञ्चालन र देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको केन्द्रीय सचिवालय सदस्य तथा कर्णाली प्रदेश संयोजक दिपकबहादुर शाहीको अध्यक्षतामा सम्पन्न भएको विरोधसभालाई नेकपा (क्रान्तिकारी माओवादी)को स्थायी समिति सदस्य तथा पश्चिमव्यूरो इन्चार्ज रामसिंह श्रीस, राष्ट्रिय जनमोर्चाका महासचिव जनकराज शर्मा, नेकपा (क्रान्तिकारी माओवादी)का पिविएम चक्रपाणी शर्मा, नेकपा (मसाल)का प्रवक्ता मोहन थापा, नेकपा (माले)का के.स. बलबहादुर गिरी, नेकपा (माओवादी केन्द्)का नरेशबहादुर शाही र राजमोका कर्णाली प्रदेश अध्यक्ष भरतबहादुर शाहीले सम्बोधन गरेका थिए । वक्ताहरुले लिम्पीयाधुरा सहितको भूभागलाई समेटेर नेपाल सरकारले नेपालको नक्शा तयार पार्नु पर्ने, यो मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्नुपर्ने र एमसीसी सम्झौता खारेज गर्नुपर्ने कुरामा जोड दिएका थिए ।

कार्यक्रमकको बीचबीचमा सामना परिवार र रक्तिम सांस्कृतिक परिवारका कलाकारहरुले गीत तथा नृत्य प्रस्तुत गरेका थिए ।

'लिम्पियाधुरा, कालापानी, लिपुलेकसहितको भूमि फिर्ता गर, नेपाल सरकार र एमसीसी बीचको राष्ट्रघाती सम्झौता खारेज गर' भन्ने मूल नारासहित १ नं. प्रदेशको इटहरीमा आयोजित नौ दलीय विरोधसभालाई नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटव्युरो सदस्य तथा प्रदेश इन्चार्ज मिनकुमार राउत, नेकपा (माके)का उपाध्यक्ष तिलक थापा मगर, नेकपा (मसाल)का चन्द्रबहादुर केसी, नेकपा मालेका खगेन्द्र प्रसाई, नेकपाका प्रदेशका उपाध्यक्ष सतिलाल चौधरी, जनसमाजवादी पार्टी नेपालका केस मनकुकार राई, देजको केन्द्रीय सचिवालय सदस्य गणेश कटुवाल, राजमो १ नं प्रदेश उपाध्यक्ष विशाल पाठकलगायतका नेताहरुले सम्बोधन गरेका थिए ।

क्रान्तिकारी माओवादीका प्रदेश सचिव रत्न गुरागाईको सञ्चालनमा सम्पन्न विरोधसभाको अध्यक्षता नेकपा (माके)का नेता विमल निरौलाले गरेका थिए ।

त्यस्तै ४ नं. प्रदेशको पोखरामा पनि विरोधसभा सम्पन्न गरियो । नेकपा क्रान्तिकारी माओवादी प्रदेश ४ का सेक्रेटरी केशबहादुर परियारको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा क्रान्तिकारी माओवादीका पोलिटव्युरो सदस्य एवम् ४ नं. प्रदेशका इन्चार्ज चन्द्रहरि सुवेदी, राष्ट्रिय जनमोर्चाका गण्डकी प्रदेश अध्यक्ष शंकर बराल, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ४ नं. प्रदेशका अध्यक्ष नेत्र रानाभाट, नेकपा मसलाका गण्डकी प्रदेशका प्रवक्ता चन्द्रबहादुर केसी, नेकपा (माले) का नरेन्द्र शाह, नेकपा (माओवादी केन्द्र)का भोजराज त्रिपाठी, नेपाल कम्युनिष्ट पार्टी नेकपाका मनिश भट्टराई, राष्ट्रिय जागरण परिषदका पदम कार्की, वरिष्ठ अधिवक्ता तिलक पराजुली, राष्ट्रिय जनमोर्चाका गण्डकी प्रदेश सभा सदस्य कृष्ण थापा लगायतले विरोध मन्तव्य राखेका थिए ।

कार्यक्रममा संगम सांस्कृतिक मञ्चका कलाकारहरुले सांस्कृति कार्यक्रम मार्फत राष्ट्रिय स्वाधीनताको पक्षमा सांगीतिक प्रस्तुति राखेका थिए ।

त्यसैगरी ५ नं प्रदेशको बुटवलमा पनि नौ दलको संयुक्त आयोजनामा विरोधसभा सम्पन्न गरियो । बुटवलको मिडियाचोकमा आयोजित विरोध सभालाई नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटव्यूरो सदस्य प्रेम सुवेदी, देशभक्त जनगणतान्त्रिक मार्चा-नेपालका केन्द्रीय उपाध्यक्ष केबी गुरुङ, राष्ट्रिय जनमोर्चाका केन्द्रीय उपाध्यक्ष बद्रे आलम, नेकपा माओवादी केन्द्रका केन्द्रीय सचिव बिनोद उपाध्याय, नेकपा मालेका पोलिटव्यूरो सदस्य चन्द्रकान्त अचार्य, नेकपा मसाल, रुपन्देहीका प्रवक्ता नारायण जीसी, नेकपाका केन्द्रीय सदस्य समिम अहमद्, राष्ट्रिय जागरण परिषद्का चित्रबहादुर थापा,जनसमाजवादी पार्टीका कृष्ण आचार्य, नेकपा माओवादी केन्द्रका नबिन गोतामेलगायतले सम्बोधन गरेका थिए ।

देशभक्त जनगणतान्त्रिक मोर्चा प्रदेश ५ का उपाध्यक्ष पिताम्बर आचार्यको सञ्चालन तथा राजमो प्रदेश ५ का सदस्य दधिराम आचार्यको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रम पूर्व बुटवलको नयाँ बसपार्कबाट र्याली शुरु भएको र उक्त र्यालीले बुटवल बजार परिक्रमा गरी मिडिया चोकमा पुगेर विरोध सभामा परिणत भएको थियो ।

त्यसैगरी ६ नं. प्रदेशमा पनि भारत सरकारले कब्जा गरेको नेपालको लिम्पीयाधुरा, लिपुलेक र कालापानीलगायत नेपाली भू–भाग फीर्ता र एमसीसी सम्झौता खारेजीको माग राख्दै ९ वटा राजनीतिक दलहरुले कर्णाली प्रदेशको राजधानी सूर्खेतमा संयुक्त विरोध जुलुस र सभा सम्पन्न गरेका छन् ।

सबै वक्ताहरुले लिम्पीयाधुरा सहितको भूभागलाई समेटेर नेपाल सरकारले नेपालको नक्शा तयार पार्नु पर्ने, यो मुद्दालाई अन्तराष्ट्रियकरण गर्नु पर्ने र एमसीसी सम्झौता खारेज गर्नु पर्ने कुरामा जोड दिएका थिए ।

त्यसैगरी ७ नं. प्रदेशको धनगढीमा राष्ट्रिय स्वाधीनताको रक्षा र एमसीसी खारेजीको माग राख्दै नौ राजनीतिक दलहरुले धनगढीमा विरोध जुलुस र सभा सफलतापूर्वक सम्पन्न गरेका छन् ।

## वर्गदृष्टि र मूलबाटोको लागि लेख, रचना समाचार र विज्ञापन पठाउनेसम्बन्धी सूचना

१ लेख, रचना एक हजार (१,०००) शब्दमा नबढाइ, टाइप गरेर पत्रिकाको इमेलमार्फत पठाउन हुन अनुरोध गरिन्छ।
२. समाचार पठाउँदा सकभर सम्बन्धित समाचार झल्कने फोटो अनिवार्य समावेश गर्नुपर्ने छ।
३. लेख, रचना पठाउँदा शनिबार बेलुकीसम्म उपलब्ध गराई सहयोग गर्नु हुन अनुरोध छ।
४. समाचारको हकमा आइतबारको २ बजे अगाडि उपलब्ध गराइदिनु हुन अनुरोध छ।
५. विज्ञापनमा हुन सक्ने गल्तीलाई रोक्न विज्ञापनदाताको सहमतिमा टाइप गरेर सूचना उपलब्ध गराउने।
६. पत्रिका प्राप्त भइसकेपछि फोन, इमेल वा एसएमएस गरेर व्यवस्थापक वा सम्पादकलाई जानकारी गराइदिनु हुन अनुरोध छ।
७. प्रत्येक अंकको भुक्तानी उक्त महिनाको अन्तमा उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ।

सम्पर्क नाम र फोन नम्बर
प्रबन्ध निर्देशक: हुकुमबहादुर सिंह (९८५१०७६८६४)
सम्पादक: इन्द्र बहादुर राउत (९८५११३४८३०)
इमेल : bargadristi073@gmail.com
कर्णाली प्रदेश संवाददाता– दिनेश बुढा (९८६८००५८२४)

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# सम्झनाको डायरीमा मेरी आमा



● खगेन्द्र छन्त्याल ●

आमा अब सम्झनामा मात्र सीमित हुनुहुन्छ । उहाँको भौतिक शरीर हामीबाट बिदा भईसकेको छ । डक्टरको व्याख्या अनुसार उमेरको कारण आमाको निधन भयो । प्राणी मध्ये पनि सब भन्दा सचेत प्राणी भएको कारण होला मानव जीवनमा आईपर्ने मृत्यु अत्यतै पीडादायी हुनेगर्दछ । आफुले जन्माएका सन्तानको मृत्यु र आफुलाई जन्मदिने बाबा आमाको मृत्युमा मानव समुदाय सबभन्दा भावुक हुने गर्दछ । आमाको निधनलाई सचेत ढंगले चिर्न खोज्दा खोज्दै पनि हृदयमा ठुलै चोटको अनुभूति भैरहेकोछ र समय सन्दर्भ बिना नै ठाँउ कुठाँउहरुमा बर्बर्ती आँशु झरी रहन्छन् । त्यसो त प्राणी जगतमा मृत्यु एउटा स्वभाविक प्रक्रिया हो र यो सबै मा अनिवार्य लागु हुन्छ । तथापि मान्छेको मृत्युको बेग्लाबेग्लै महत्व हुनेगर्दछ । मृत्युको महत्वबारे माओत्सेतुङ्ग भन्नुहुन्छ कुनै मृत्यु पर्वत जस्तो गरूङ्गो हुन्छ भने कुनै मृत्यु प्वाँख जस्तो हलुङ्गो हुन्छ । देश, समाज र जनताको सेवामा समर्पित हुनेक्रममा हुने मृत्यु पहाड जस्तो गरूङ्गो हुन्छ र फासिस्टहरूको सेवामा समर्पित हुनेक्रममा हुने मृत्यु प्वाँख जस्तो हलुङ्गो हुन्छ । मैले मेरी आमाको मृत्युलाई असामान्य ढंगले महसुस गरिरहेको छु

आज ०७६ माघ २४ गते साँझ । जिवनमा अब कहिल्यै हामीसँग भेट नहुने गरी आमाले बिदा लिएको आज आठौँ दिन । हिजो मात्र आमाको अन्तिम काजक्रिया सम्पन्न गरियो । आज पार्टीको दुईवटा औ पचारिक कार्यक्रम थियो । घर, परिवार र साथीहरुको एक, दुई दिन रेस्ट गर्नुस् भन्ने सल्लाहलाई अटेर गर्दै केही ढिलो गरी ती दुईवटै कार्यक्रममा सहभागी भएर फर्किएको छु । अहिले घडीको सुईले ७.५१ बजिरहेको संकेत दिइरहेको छ । शरीरले थोरै थकानको अनुभूति गर्दैछ, पेटले केही खानाको माग गरिरहेकोछ । तर मनले आमाको सम्झना गरिरहेकोछ र यी हातहरुले आमाको सम्झनामा केही लेख्न खोजिरहेका छन् ।

अक्सर एक्लै हुँदा चाहे हिंडाइमा होस्, चाहे बसाइमा, चाहे सकारात्मक होस् चाहे नकारात्मक केही न केही कुराहरु मनमा खेलिरहन्छन् । हिजो आमाको अन्तिम काजक्रिया र पार्टीद्वारा आयोजित श्रदाञ्जली सभा सम्पन्न गरी बेलुकी ९ बजेतिर घरमा आईयो, परिवार सँगै बसियो । आज बिहानै आफन्त भेटघाटमा लागियो । हतारमा घर आएर दिउँसो करिव १२ बजे असन चोकमा हुने कार्यक्रममा सहभागिताको निम्ति बाईक स्टार्ट गरेर घरबाट निस्कैं । हेल्मेट टाउकोमा राख्ने बित्तिकै मलाई एकान्तको महसुस भयो । आमाको निधन भएको दिनदेखि आज सम्म मैले एक्लै बस्न र एकान्तको अनुभूति गर्न पाएको थिएन । सायद त्यसैले होला आज मलाई बाईकमा कुदिरहँदा पनि एकान्तको अनुभूति भयो र आमाको सम्झनाले ब्याकुल बनायो । बानियाँटारदेखि लैनचौर पुग्दा सम्म फिल्मका रिल घुमे झैं मेरो मनमा आमाका अतितहरु घुमिरहे । हेल्मेटभित्र छोपिएका नयनहरुबाट नहर निस्केर घाँटी छोपेको हाईनेक सिंचाई गऱ्यो । बाईक कुदिरहँदा र ट्राफिक जाममा रोकिँदा नजिकबाट कसैले म तिर फर्केर हेर्दा मलाई लाग्थ्यो उसले मेरो नयनबाट निस्केको नहर देख्ला कि ? उसले मलाई को पागल रहेछ भन्ला कि ? जस्ता सवालमा चाहीँ म सचेत थिएँ । त्यसैले म हतारिएर लैनचौरस्थित प्रभु बैंक तिर बाईकलाई सोझ्याएँ । प्रभु बैंकको रेस्टरुममा गएर मुख धोएँ, त्यहाँदेखि निस्केर बाईकलाई रत्नपार्कतिर सोझ्याएँ । फेरि कथाहरु दोहोरिए, बाईक कुदिरह्यो, आमाको सम्झनाले सताईरह्यो, आँखाबाट आँशुका थोपाहरु झरिरहे । जनतन रत्नपार्क पुगेँ, बाईक पार्क गरेँ । रत्नपार्कमा मुख धुन अनुकुल भएन, रुमालले पुछपाछ गरेर असनको कार्यक्रम स्थलतिर लागेँ । कार्यक्रम स्थलमा साथीहरुले आँखा साथै अनुहार सुनिएको र आराम आवश्यक रहेको कुरा दोहोऱ्याउनु भयो, म मौन रहेँ ।

अतीतलाई कोट्याउँदै जाँदा खै मैले मेरी आमालाई कहिलेदेखि चिन्न थालेँ पत्तो पाउन सकिनँ । सायद स्कुल जानु अघि ३, ४ बर्षको थिएँ कि ? मेलापात जाँदा, दाउरा घाँस गर्दा आमाको अघि पछि गर्दै हिँडेको सम्झना आउँछ । एक पटक जंगलमा दाउरा लिन जाँदा मलाई आमाले घरमा एक्लै छोडेर जानुभएछ आमालाई घर फर्कँदा ढिलो भयो परिवारका अन्य सदस्यहरु कुन्नि कता थिए ? घरमा म एक्लो भएँ । आमालाई खोज्दै म निक्कै रुएको थिएँ र घर छेउको काकी आमाले मलाई उनको घरमा लिएर गएको कुरा झल्झली सम्झन्छु । गाँउमा बाबाको लाहुरको कमाईबाट बनेको घर भएतापनि बस्तु भाउ पाल्नु पर्ने, खेतीपाती गर्नु पर्ने भएको कारण हाम्रो परिवार प्रायः खेतीपाती भएको ठाँउतिर बर्षको ४, ५ पटक नै बसाई सरिरहन्थ्यो । जाडो -न्यानो के हो ? मिठो-नमिठो के हो ? सफा - फोहोर के हो ? सुःख - दुःख के हो ? हामीलाई केही पत्तो हुदैनथ्यो । प्रत्येक बसाई सराईमा सामान्य पानी छेक्ने मात्र हाम्रो घर हुन्थ्यो । हुरी बतासमा हाम्रो बिजोग हुन्थ्यो, कहिलेकाही ओडारको बास हुन्थ्यो हुरी बतास, पानी झरीको निम्ति ओडारको बास अति उत्तम हुन्थ्यो । मलाई सम्झना छ, कुकुरको छाउरा मलाई अति मन पर्ने जहाँ बसाई सरे पनि आमा, म र कुकुरको छाउराको एउटै ओच्छ्यान हुन्थ्यो । सधैँ आमाको काखमा म र मेरो काखमा छाउरा सुत्थौँ ।

म आफु किशोर, युवा हुँदै प्रौढसम्म आईपुग्दा मैले आमालाई अत्यन्तै राम्रोसँग नियाल्ने मौका पाएँ । वास्तवमा मेरी आमा अत्यन्तै ज्ञानी, साहसी र संघर्षशील महिला हुनुहुन्थ्यो । मलाई लाग्छ यदि समय, परिस्थिति अहिलेको जस्तो अवस्थामा हुन्थ्यो भने मेरी आमा देश र जनताको मुक्तिको निम्ति अपरिहार्य व्यक्तित्व हुनुहुन्थ्यो । अन्याय कसै लाई पनि हुनुहुदैन, सबैको भलो हुनुपर्दछ भन्ने आमाको मूल मन्त्र थियो । श्रमप्रति सम्मान गर्नु पर्दछ हरेकले आफु सक्दो श्रममा सहभागी हुनुपर्दछ भन्ने आमाको मान्यता नै मेरो निम्ति आदर्श मान्यता हो । ९४ बर्षको उमेरमा निधन हुनुभन्दा एक हप्ता अघिसम्म पनि आमाले आफुले खाएको भाँडा हामीलाई माझ्न दिनुभएन, आफैँ माझ्नु भयो ।

मेरो बाबाले १६ बर्ष बिदेशी पल्टनमा परेड खेल्नु भएको थियो । बाबाको बिँडो थाम्दै मैले १८ बर्ष आमाको काखदेखि टाढा भएर बिदेशी भूमिमा बिताएँ । त्यो १८ बर्षको अघि पछि समय सन्दर्भमा आमासँग भलाकुसारी हुन्थे । आमाले आफ्नो किशोर, युवा र प्रौढ जीवनका भोगाईहरु बारे सविस्तार बर्णन गर्नु हुन्थ्यो । आमाको लगभग ५० बसन्तहरु आर्थिक संकट र त्यसको बिरुद्ध संघर्ष मै बिते । पछिल्ला लगभग ४५ बसन्तहरु आमाले अलिकति सुःखका सास फेरेर जिउनु भयो । आमाले आफ्नो १४ देखि ९४ बर्षसम्म अर्थात् ८० वटा बर्ष आफ्नो परिवारको रेखदेख र स्याहार सम्भारमा खर्चनुभयो । आमाको माईतमा ७ बहिनी भाइ मध्ये आमा दोस्रो सन्तानको रुपमा जन्मनु भयो । बाजे, बज्यै अर्थात् आमाका बाबा आमाले चाँडै संसार छोड्नु भयो । दोस्रो सन्तान भएपनि चलाख र संघर्षशील स्वभावको कारण आमाले पहिलो सन्तानको भूमिका निर्वाह गर्नु पऱ्यो । आमाले साह्रै दुःख गरेर माईतमा आफ्ना ५ बहिनी र एक भाइलाई पाल्ने, हुर्काउने बढाउने गर्नुभयो । त्यो क्रममा आमाले आफ्नो १४ देखि १७ बर्षको किशोर अवस्थामा कैयौँ पटक महिना दिन हिँडेर भोट गएर नुनको भारी बोकी आउनुभयो ।

बिबाह पश्चात पनि आमाको दुःख र जिम्मेवारी उस्तै रह्यो । बाबाको साना साना ७ भाइ बहिनी मध्ये बाबा जेठो छोरो र आमा जेठी बुहारी हुनुको कारण परिवारको सम्पूर्ण जिम्मेवारी बाबा आमाकै काँधमा आउनु स्वभाविक थियो । अझ बाबा लाहुर जानुपर्ने भएको कारण परिवारको सबै जिम्मेवारी आमा कै काँधमा आयो । बाबाको बाबा, आमा (मेरो बाजे, बजै) लाई स्याहार सुसार गर्ने ६ भाइ बहिनीलाई लालन पालन गर्ने हुर्काँउने बढाउने काम आमाले नै गर्नुभयो । त्यो क्रममा आमाले धेरै पटक भोक भोकै बस्नु पऱ्यो कै यौँ पटक आधा पेट खानु पऱ्यो र धेरै रात जागाराम बस्नुपऱ्यो । आमाले सुरुमा आफ्नो जन्म घर ब्यवस्थापन गर्नुभयो त्यसपछि कर्म घरमा आफ्नो कर्तव्य निर्वाह गर्नुभयो । र पछि स्वभाविक रुपमा आमाले फेरि एउटा परिवारको श्रृष्टी गर्नुभयो त्यो परिवारको नयाँ सदस्यको रुपमा हामी ५ भाइ बहिनीको जन्म भयो । नयाँ परिवारको श्रृष्टी पश्चात् पनि आमाले थुप्रै संकट, दुःखकष्टहरु झेल्नु भयो जसको वर्णन गर्न सम्भव छैन ।

आमाले मेरो राजनैतिक क्रियाशिलताबारे समय सन्दर्भमा गुनासो गरिरहनुभयो तर अबरोध चाहीँ कहिल्यै गर्नुभएन सधैँ प्रेरणा नै दिनुभयो । बाबाले सुरु गरेको पसल चलाएर बसेको मान्छे एकाएक (०४२ देखि ०४७ सम्म) तीब्र राजनैतिक सक्रियताको कारण मेरो आर्थिक स्थिति टाट पल्टियो । त्यसैको परिणाम मैले बिदेशी भूमिमा १८ बर्ष श्रम बेच्न बाध्य भएँ । बिदेशी भूमिमा पनि मजदुरी सँगसगै राजनैतिक क्रियाशीलतालाई तिब्रता दिने काम रोकिएन । यहिँनेर आमाको सधैँ गुनासो हुनेगर्दथ्यो । राजनैतिक क्रियाशीलताको कारण परिवार प्रतिको आफ्नो जिम्मेवारीमा ध्यान कम हुन गएकोमा आमाको गुनासो हुने गर्दथ्यो । तर समाज परिवर्तनको निम्ति, समानताको निम्ति, न्यायको निम्ति गरिने मेरा क्रियाकलाप र सक्रियताप्रति आमा खुशी हुनुहुन्थ्यो र प्रेरणा दिइरहनु हुन्थ्यो । मेरो बाबाले मेरो गाँउमा १७ बर्ष प्रधानपञ्चको भूमिकामा रहेर समाज सेवा गर्नु भयो । आमाको सहयोग र समर्थन बिना त्यो सम्भव थिएन । आमा कै सहयोग र प्रेरणाको कारण म अहिले न्याय, स्वतन्त्रता र समानताको आन्दोलनमा लामबद्ध छु ।

आमालाई सम्झने क्रममा बिगतमा म बाट भएका कतिपय असहज क्रियाकलापले मलाई नै कहिलेकाहीँ अप्ठ्यारो महसुस गराउँदछ । आजभन्दा ठीक ४ बर्षअघि आमा अचानक बिरामी हुनुभयो । आमालाई हस्पिटल भर्ना गरियो । आमालाई एक हप्ता हस्पिटल राख्नुपर्ने भयो तर हस्पिटल भर्ना गरेको भोलिपल्ट नै पार्टी कामको निम्ति म पोखरा जानुपर्ने भयो । यता नब्बे बर्षको आमा हस्पिटलमा उता पार्टीको महत्वपूर्ण काम । के गर्ने के नगर्ने ? मेरो निम्ति निक्कै अप्ठ्यारो भयो । अन्ततः मैले पोखरा जाने निर्णय गरेँ । काकाको छोरा अर्थात् भाइलाई आमा जिम्मा लगाई अत्यन्तै भारी मन लिएर म पोखरातिर लागेँ । मलाई सधैँ यो बिषयले झस्काई रहन्छ, साच्ची नै आमाको आत्माले के भन्यो होला ? भनेर कहिलेकाहीँ आत्माग्लानि हुन्छ ।

निधन हुनु भन्दा ३ दिन अघि साँझ आमा हल्का बिरामी हुनुभयो । सधैँ जस्तो फार्मेसीवाट औषधी लिएर आमालाई खुवाइयो आमा सुत्नुभयो हामीपनि सुतियो । भोलिपल्ट बिहान आमाको स्थिति बुझ्दा ठीकै लाग्यो । उता रत्नपार्कमा त्यही दिन पार्टीको चार महिने अभियान उद्घाटन कार्यक्रम थियो । आफ्नो जिम्मेवारीको हिसावले म जानै पर्दथ्यो र गएँ । कार्यक्रम सकिँदा नसकिदै घरबाट फोन आयो म तुरुन्तै घर आएँ । घर आईपुग्दा आमाको स्थिति जटिल लाग्यो र दुई जना भाइहरु बोलायर हस्पिटल पुऱ्याईयो । राती आईसीयुमा राखियो र भोलिपल्ट साँझ पाँच बजेतिर डक्टरले उमेरको कारण आमाको उपचारको सम्भावना कम रहेको जानाकारी गराउनु भयो । राति ११.३५ मा डाक्टरले आमालाई मृत घोषणा गऱ्यो । जव डाक्टरले आमाको उपचार सम्भावना कम भन्यो तवदेखि मलाई पश्चातावको अनुभूति भयो र यो पश्चाताव सायद जीवनभर रहनेछ । मलाई लाग्यो त्योदिन बिहान आमालाई हस्पिटल पुऱ्यायको भए सायद आमालाई बचाउन सकिन्थ्यो कि ? मेरो आफ्नै लापरवाहीको कारण मैले मेरी आमा गुमाउन पऱ्यो कि ? मलाई अहिलेपनि यहि प्रश्नले पोलिरहेकोछ । सायद जीवनभर यो प्रश्नले मलाई पोलिरहनेछ ।

समाजमा बिगत लामो समयदेखि चल्दै आएको कतिपय परम्परागत रुढिवादी चिन्तन, पद्धति र कुसंस्कारहरुलाई मैले बिगतमा आमा जीवित हुँदै तोड्ने काम गरेको छु । कस्ताखाले घटना, प्रवृति र सँस्कार, संस्कृतिप्रति मेरो धारणा के हो भन्ने वारे आमा प्रस्ट हुनुहुन्थ्यो । जिउँदो रहुञ्जेल आमा, बाबा, आफन्त सबैको सेवाको निम्ति गर्ने कृयाकर्म सबै गर्नु पर्दछ । मैले सकेजति र परिस्थितिले दिएजति मैले मेरी आमाको सेवाका क्रियाकर्महरु आमा बाचुञ्जेल सबै गरेँ । तर मान्छे मरिसके पश्चात् मरेको मान्छेको नाममा गरिने क्रियाकर्मले मरेको मान्छेलाई राम्रो हुन्छ भन्ने कुरामा मलाई विश्वास पटक्कै छैन । तसर्थ मैले हिन्दु परम्परागत ढंगले गरिने मेरी आमाको काजक्रियामा म सहभागी नभै कन अर्थात् क्रियापुत्री नबसिकन सहयोग गर्ने प्रस्ताव समाजमा राखेँ । मेरी ठुली दिदी जसले हिन्दु धर्मप्रति अगाध आस्था राख्नुहुन्छ, उहाँलाई क्रियापुत्री बस्न आग्रह गरेँ उहाँले मान्नुभएन, विवाह गरेको छोरी भनेर समाजले पनि अस्वीकार गऱ्यो । आमाको परम्परागत काजक्रिया गर्नै पर्ने र म बाहेक अर्को छोरा नभएको कारण म नै क्रियापुत्री बस्नै पर्ने अप्ठ्यारो प्रस्ताव समाजले राख्यो । छलफल पश्चात् परिमार्जित ढंगले म नै क्रियापुत्री बस्ने निर्णय भयो म क्रियापुत्री बसेँ । तर गरुड पुराण पढिएन, शरीरभरी सेतो कपडा लगाईएन, छाक छोदिएन, आफ्नो खाना आफैँ पकाउने खाने गरिएन, परिवारले सँगै पकाईयो सँगै खाईयो, पराल माथि सुतिएन सामान्य बिस्तारामा नै सुतियो, कसैसँग पनि अछुत बसिएन, तेह्र दिनलाई घटायर सात दिनमा आमाको अन्तिम काजक्रिया सम्पन्न गरियो ।

आमा अब सम्झनामा मात्र सीमित हुनुहुन्छ । उहाँको भौतिक शरीर हामीबाट बिदा भईसकेको छ । डक्टरको व्याख्या अनुसार उमेरको कारण आमाको निधन भयो । प्राणी मध्ये पनि सब भन्दा सचेत प्राणी भएको कारण होला मानव जीवनमा आईपर्ने मृत्यु अत्यतै पीडादायी हुनेगर्दछ । आफुले जन्माएका सन्तानको मृत्यु र आफुलाई जन्मदिने बाबा आमाको मृत्युमा मानव समुदाय सबभन्दा भावुक हुने गर्दछ । आमाको निधनलाई सचेत ढंगले चिर्न खोज्दा खोज्दै पनि हृदयमा ठुलै चोटको अनुभूति भैरहेकोछ र समय सन्दर्भ बिना नै ठाँउ कुठाँउहरुमा बर्बर्ती आँशु झरी रहन्छन् । त्यसो त प्राणी जगतमा मृत्यु एउटा स्वभाविक प्रक्रिया हो र यो सबैमा अनिवार्य लागु हुन्छ । तथापि मान्छेको मृत्युको बेग्लाबेग्लै महत्व हुनेगर्दछ । मृत्युको महत्वबारे माओत्सेतुङ्ग भन्नुहुन्छ कुनै मृत्यु पर्वत जस्तो गरुङ्गो हुन्छ भने कुनै मृत्यु प्वाँख जस्तो हलुङ्गो हुन्छ । देश, समाज र जनताको सेवामा समर्पित हुनेक्रममा हुने मृत्यु पहाड जस्तो गरुङ्गो हुन्छ र फासिस्टहरुको सेवामा समर्पित हुनेक्रममा हुने मृत्यु प्वाँख जस्तो हलुङ्गो हुन्छ । मैले मेरी आमाको मृत्युलाई असामान्य ढंगले महसुस गरिरहेको छु । तसर्थ कमसेकम मेरो निम्ति धौलागिरी हिमालको काखमा जन्मेकी मेरी आमाको मृत्यु सगरमाथा हिमाल जस्तै गरुङ्गो भएको छ ।

## कविता

### तिम्रो सत्ता विरुद्ध

● ज्वाला

*तिम्रो सत्ता र संविधान मान्दिनँ*
*भन्न किन नपाउने ?*
*तिम्रो व्यवस्थाका विरुद्ध विद्रोह*
*बोल्न किन नपाउने ?*

*तिमी मुट्ठीभर दलालहरुका लागि*
*स्वर्गतुल्य यो व्यवस्था*
*करोडौं मेहनतकशका लागि*
*नरकतुल्य, उजाड छ अवस्था*

*तिम्रो लुटको स्वर्ग क़ायम राख्न*
*हजारौं फरमानहरु जारी गर*
*मेहनतकश जनताको छातीमा*
*गोली दाग स्वेत आतंक खडा गर*

*जनताको न्यायपूर्ण विद्रोहको*
*रागले खरानी हुनेछ तिम्रो लुटको*
*स्वर्ग*
*विद्रोह र बलिदानबाट स्थापित*
*जनव्यवस्थामा सारा मेहनतकशले*
*गर्नेछ गर्व*

*तसर्थ, म तिम्रो दलाल व्यवस्थाका*
*विरुद्ध विद्रोह बोल्छु*
*मेहनतकश जनता सामु तिम्रा*
*कर्तुतहरुको पोल खोल्छु*

*जन अजेय तागत संगठित गरी*
*लुटको स्वर्गमाथि धावा बोल्छु*
*अनि तिम्रो चिहानमाथि*
*मेहनतकशको भव्य र सुन्दर*
*संसार बसाल्छु*

## मुलुकको...

जनकपुरमा नौ वाम दलले आयोजना गरेको संयूक्त विरोधसभामा बोल्दै नेकपा क्रान्तिकारी माओवादीका प्रदेश नम्बर २ का ईन्चार्ज हरिभक्त कडेल प्रतिकले मुलुकलाई विदेशीहरुको द्वन्द्वको भुमरीमा फसाउनका लागि कुनै पनि हालतमा एमसीसी लागु नगर्न चेतावनी दिए ।

नौ वटा कम्यूनिष्ट पार्टीहरुले देशको भु-भाग लिम्पियाधुरा, लिपुलेक, नालापानीबाट भारतीय फौज र एमसीसीको विरोधमा आयोजित संयूक्त विरोधसभामा नेकपा क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य समेत रहेका प्रतिकले मुलुकमा दुई तिहाई बहुमतको कम्यूनिष्ट सरकारले कहिल्यैपनि देश र जनता विरोधी कार्य गर्ने दुस्साहस नगर्ने बताए । उनले नेपाली भुमीबाट भारतीय फौज हटाउन र एमसीसीमा हस्ताक्षर नगर्नका लागि मुलुक भर अभियान संचालन गरेको स्पष्ट पारे ।

उनले देशमा अहिले कथित कम्यूनिष्ट र राष्ट्रियता तथा देशभक्तको नाममा देश बेच्ने दलालहरु नै अग्रस्थानमा भएकाले शंकाउपशंका भई देशलाई जोगाउन अभियान नै संचालन गर्नुपरेको स्पष्ट पारे ।

त्यस्तै नेकपाका सह-संयोजक लोकनारायण सुवेदीले वर्तमान सरकार कथित कम्यूनिष्ट रहेको र कम्यूनिष्टको नाममा गैर कम्यूनिष्टको काम गरिरहेको प्रति आक्रोश पोखे । उनले भारतीय फौजको कब्जामा रहेको नेपाली भुमी आफ्नो मातहत ल्याई सच्चा राष्ट्रवादी र राष्ट्रभक्तको कार्य गर्न सरकारलाई सुझाए ।

त्यसैगरी नेकपा मालेका दीननाथ घिमिरेले कुनैपनि हालतमा राष्ट्रघाती एमसीसी सम्झौता नगर्न केपी शर्मा ओलीको सरकारलाई चेतावनी दिए । उनले विदेशीसंग एमसीसी सम्झौता गरी मुलुकलाई आधुनिकताको गुलाम नबनाउन आग्रह गरे । उनले एमसीसीले देश र जनताका लागि सय वर्षसम्मका लागि गुलाम बनाउन छद्मभेदी दलालहरु लागि परेको आरोप सरकारमाथि लगाए ।

नौ वाम दलले आयोजना गरेको संयूक्त विरोधसभा कार्यक्रममा नेकपा माओवादी केन्द्रका केन्द्रिय सदस्य ववन सिंह र राष्ट्रिय जनमोर्चाका केन्द्रिय सदस्य चिनतामणि पौडेल लगायतका नेताहरुले वर्तमान सरकारको कडा आलोचना गर्दै मुलुकको भुभाग फिर्ता पाउनुका लागि पहल गर्न र एमसीसी सम्झौता नगर्न सरकारलाई चेताएका थिए ।

## ट्रम्पको...

भनेर ठाडो आरोप लगाएका छन् । मन्त्री बास्कोटाले त सिधै भनेका छन्- “एमसीसीको विरोध गर्नेहरुलाई अमेरिकाले इरानको सुलेमानी गराइदिने छ, होशियार भनेर नेपालका अन्य बुद्धिजीवी तथा राजनीतिज्ञहरु जसले एमससीको विरोध गरिहेका छन्, तिनीहरुलाई डर र धम्कि समेत दिन पुगेका छन् । यस्तो जनता र राष्ट्रविरुद्ध बोल्ने मन्त्रीले सरकारमा बस्ने हैसियत गुमाइसकेको छ तै पनि ओली दाहीना भएपछि, त्यो पनि राष्ट्रभक्ति ठहर्ने नै रहेछ ।

यसैबीच अमेरिकी सरकारले नेपालको ओली सरकारलाई दवाव दिएर लेखेको चिठी र अमेरिकी संसदले तीव्वतवारे पास गरेको नीतिगत प्रस्ताव बाहिर आएका छन् । पहिलो नेपाल चीन बीचको सुपुदर्गी सन्धी नगर्न दिएको दवावस्वरुप अमेरिकी सिनेटर रोबर्ट मकान्जेले ओलीलाई लेखेको पत्र र दोस्रो भरखरै अमेरिकन सरकारले तिब्बतवारे पासगरेको नीतिगत प्रस्ताव प्रमुख छन् । एमसीसीको अमेरिकी सहयोगको विरोध गर्नेहरुले जे भनेका थिए र भनिरहेका छन्- “यो अमेरिकाले नेपालको भूमिको उपयोग गरेर चीनलाई विखण्डन गराउनका लागि अपनाइएको एउटा रणनीति हो । नेपाल यसमा फस्नु हुँदैन ।” सही मानेमा यी दुई वटा घटनाले त्यसको पुष्टी गर्दछन् । अमेरिकाका लागि एमसीसी यीनै दुई वटा घटना- अमेरिकी सिनेटर रोबर्ट मकान्जेले लेखेको चिठी र अमेरिकी संसदले तीव्वतवारे पास गरेको नीतिगत प्रस्ताव विषयसँग जोडिएको विषय हो भन्ने स्पष्ट हुन्छ तर माथि उल्लेखित मन्त्रीहरु र बुद्धिजीवीहरु सरकारमा रहेर र वाहिर बसेर अहिले अमेरिकाकै भलाइको चिन्ता गरिरहेका छन् । अमेरिकीहर भन्दा एक कदम अगाडि उभिएर अमेरिकको हीतमा बोली रहेका छन् ।

नेपाल चीन बीचको सुपुदर्गी सन्धी नगर्न दिएको दवावस्वरुप अमेरिकी सिनेटर रोबर्ट मकान्जेले आफ्नो चीठीमा लेखेमा छन्- “तपाईको सरकारले निर्वासित तथा शरणार्थी तिब्बतीहरुलाई धेरै दशकसम्म आश्रय दिने प्रतिवद्धता व्यक्त गर्नुभएको प्रति म सराहना गर्दछु । यहाँलाई थाहै छ, तिब्बती शरणार्थीहरुको सूरक्षा संयुक्त राज्य अमेरिकाका लागि ठूलो चिन्ताको विषय हो । परन्तु, हालसालै का मिडिया रिपोर्टहरुले तिब्बती शरणार्थीहरुलाई जवर्जस्ती चीन पठाउन सक्ने प्रत्यार्पण संभौतामा नेपालले चीनसंग हस्ताक्षर गर्ने विचार गरिरहेको छ र त्यस्तो संभौतामा चिनीया राष्ट्रपति सि काठमाडौं आउँदा हस्ताक्षर हुँदैछ भन्ने कुराले मलाई निकै चिन्तित तुल्याएको छ । निर्वाशनमा रहेका तिब्बती शरणार्थीलाई चिनतर्फ पठाउँदा नेपालको अन्तर्राष्ट्रिय प्रतिष्ठामा ठूलो आँच आउने छ र यसले हाम्रा दुई देशका बीचको द्वीपक्षीय सम्बन्धमा गंभीर नकारात्मक असर पार्ने छ । म यस्तो संभौता सम्पन्न गर्ने गरी थप कदम नचाल्न जोडदार रुपमा आग्रह गर्दछु । विगतका वर्षहरुमा जस्तै म भारत जान चाहने तिब्बतीहरुलाई ढिलो नगरी ‘भद्र सहमति’ अनुसारको ट्राभल डकुमेन्ट उपलब्ध गराउन र साथै नेपालमा रहने तिब्बती शरणार्थीहरुको दर्ता प्रक्रिया थाल्न पनि तपाईको सरकारलाई आग्रह गर्दछु । मलाई आशा छ हाम्रो द्वीपक्षीय सम्बन्धलाई बिगार्न सक्ने संभौतामा हस्ताक्षर गर्नुभन्दा पहिला हाम्रो सरोकारका यी विषयमा ध्यान दिनु हुने छ ।”

नेपाल सरकारका मन्त्रीहरु र तथाकथित नेपाली बुद्धिजीवीहरुले अमेरिकी सहयोग पछाडिको रहष्यलाई गलत व्याख्या गरेर अमेरिकाको वर्तमान राष्ट्रपति ट्रपले अगाडि सारेको ‘उन्मत्त सैन्यीकृत साम्राज्यवाद’को चाकडी गर्नका लागि लोकतन्त्रको खोल ओढेर वर्तमान प्रतिक्रियावादी सत्ताको लागि अमेरिकी डलरका निम्ति आर्थिक राजनीतिक विश्लेषण गरिरहेका नेपालको राष्ट्रियता यिनीहरुको हातमा सिक्किम लेन्डुपेको भन्दा के फरक होला र ?

५० करोड डलरको ‘अभूतपूर्व अनुदान’ भन्दै एउटा मगन्तेको जस्तो हर्षित बनेर नेपाली जनतालाई भ्रममा राख्न प्रयासरत यी डलरका भोकाहरुले नेपालको संसदलाई एमसीसी कम्पनीको एउटा संचालक समितिको सस्थाको स्तर दिन खोजेका छन् । नेपालको संसदलाई अमेरिकी कम्पनीको साक्षी किनारा सदर गर्ने एउटा संस्थाको रुपमा राखेर अमेरिकी सेनाको बुट नेपाली धर्ती र आकाशमा बजार्ने मौका दिन चाहेका छन् ।

महाकाली-टनकपुर सन्धीमा हस्ताक्षेर गर्नेहरु नै अहिले एमसीसीका लागि एक ढिक्का भएका छन् । फरक यति छ कि त्यसबेला सरकारमा रहेको नेपाली कांग्रेसका अध्यक्ष शेरबहादुर प्रतिपक्षमा छन् भने त्यसवेलाको प्रतिपक्षका ओली अहिले सरकारका प्रधानमन्त्री छन् । महाकाली-टनकपुर सन्धिमा प्रमाणित भइसकेको छ कि यिनीहरु कतिको राष्ट्रवादी र देशभक्त रहेछन् ।

अमेरिका त एउटा साम्राज्यवादी मुलुक हो, जसको काम कमजोर देशमा आफनो कठपुतली सरकार गठन गर्ने अनि त्यो देशको प्राकृतिक स्रोतसाधनमाथि कब्जा जमाउने र नेपालजस्तो उसका लागि चीनलाई घेर्ने रणनीतिको प्राप्तीका लागि रणनीतिक महत्वको स्थान र त्यसबाट अन्य राष्ट्रविरुद्ध काम गर्न सकियोस भन्ने चासो हो । भोली उसको चाहनामाथि कतैबाट हस्तक्षेप भएमा आयोजना रद्ध गर्ने, निलम्बन गर्ने, आयोजनालाई बीचैमा बन्द गर्ने, देशलाई कालो सूँचीमा राख्ने नाकाबन्दी लगाउने, सैन्य र गैरसैन्य अतिक्रमण गर्ने अमेरिकी संस्कृति नै हो । यस्तो साम्राज्यवादी संस्कृतिको मन्त्री र डलरवादी अर्थशास्त्रीले व्याख्या गर्नु नेपालको दूर्भाग्य नै हो । आखिरमा यही काम उसले आजसम्म इराक, इरान, सिरिया, प्यालेष्टाइन, एशिया र दक्षिण अमेरिकी देशहरुमा गर्दै आएको छ । एमसीसी सहयोग वारे पनि यो सत्य ठहर्ने निश्चित छ ।

hukumsingh2012@yahoo.com

## विष...

रणनीति अर्न्तगतको षणयन्त्रको चाङ्ग हो । मिलिनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) अर्न्तगतको आर्थिक साहायता लागु गर्दा प्रत्येक योजनान भारतसंग स्वीकृत गराउन पर्ने यो किन जरुरी छ ? नेपाल र अमेरिकाको द्धिपक्षिय सम्बन्धमा तेस्रोपक्षलाई किन घुसाइयो यहाँ पनि ठूलो षणयन्त्र छ । अर्को नेपालका क्रान्तिकारी कम्युनिष्टहरुलाई समाप्त पारेर नेपाली जनतालाई सदासर्वदा साम्राज्यवादको चङ्गुगमा राख्ने षणयन्त्र पनि हो । अर्को विषय हाम्रो छिमेकी मुलुक चिन आर्थिक रुपमा तीव्र विकास गरेर संसारमै उदियमान भएर आएको छ । उसले आर्थिक रुपमा अमेरिकालाई टक्कर दिने हैसियतमा पुगेको छ । चीनको प्रगतिलाई अमेरिकाले देख्न सक्दैन यसकारण पनि चीनलार्य कमजोर बनाउन उसले अभ्र भारत हुँदै नेपालमा सैन्य अखडा खडा गरेर चीनमाथी आक्रमण गर्ने योजना छ। यसका पनि दुइवटा विधि छन् पहिलो सोझै चीनमाथी आक्रमण गर्ने दोस्रो चीनलाई चारैतिरबाट घेरा बन्धी गरेर एकचित नीतिको विरुद्ध तिब्बतलाई अलग गराए चीनमाथी आक्रमण गर्ने योजना बनाएको छ । यदि अमेरिकाको यो रणनीति सफल भयो भने नेपाल अमेरिका र चीनको युद्ध भूमि हुनेछ ।

जब अमेरिकाले नेपालमा बसेर चीन विरोधी गतिविधी गर्न थाल्यो भने चीनिया सेना पनि हातमा दहि जमाएर त बस्दैन उसले पनि नेपालमा रहेका अमेरिकी सेनाको क्याम्पमा आक्रमण गर्दछ । उक्त आक्रमणबाट थुप्रै नेपाली धनजनको क्षति अवश्यँ भावी छ । यसकारण हाम्रो स्वतन्त्र सार्वभौम मुलुक नेपाललाई कुनै पर्नि हालतमा विदेशीहरुको हस्तक्षेप तथा युद्ध स्थल हुन दिनु हुँदैन । हाम्रो भूमि प्रयोग गरेर हाम्रा छिमेकी मुलुकहरु माथीको आक्रमण होस् या कुनै पनि गलत प्रकारका गतिविधी कसै गरे पनि हुन दिन हुन्न । आज हाम्रो देशमा दुइवटा ध्रुव खडा भएका छन् । एउटा साम्राज्यवादी राष्ट्रघाति दलालधार जसको नेतृत्व खड्गप्रसाद ओली, प्रदिप ज्ञवाली, गोकुल बास्कोटा, बिष्णु पौडेल, सुवासनेमाङ्गहरुले गरेका छन् । उनीहरुले यो मिलिनियम च्यालेन्ज कर्पोरेशन जसरी पनि संसदबाट पास गरेर नेपालमा लागु गर्नु पर्दछ भनेर कम्मर कसेर लागिरहेका छन् । अर्को राष्ट्रवादी धार यो विष मिसाएर हुदै न नेपालमा यो योजना लागु गर्नै हुदैन भनेर लागि रहेकाछन् । जसको नेतृत्व मिपरावल, देव गुरुङ्ग लिलामणी लगायतकाहरुले गरेका छन् । डबल नेकपाका दुइ नक्बरी अध्यक्ष प्रचण्डले यस प्रकारको रणनीतिलाई पर्ख र हेरको अवस्थामा छन् । उता नेपाली काँग्रेसको नेतृत्वले यस घटनालाई यदि संसदबाट पासभएन भने विद्रोह गर्ने धम्की दिएर राष्ट्रघाति चरित्र देखाएको छ। राजनैतिक पार्टीहरुमा मोहन वैद्य (किरण) ले नेतृत्व गरेको ने.क.पा. (क्रान्तिकारी माओवादी) र देशभक्त जनगणतान्त्रिक मोर्चो नेपालले यो साम्राज्यवादी र विस्तावादी हस्तक्षेपलाई कुनैपनि हालतमा नेपालमा लागु गर्न दिनु हुँदैन भनेर सडक सघर्षको घोषण गरिसकेको छ । यसकारण अब हामी ३ करोड नेपाली जनताको अगाडि एउटा चुनौती खडा भएको छ । हाम्रो देशको सार्वभौम स्वतन्त्रता रक्षाको लागि राष्ट्रवादी धारामा खडा हुने की खड्ग ओलीहरुले नेतृत्व गरेको राष्ट्रघातीधारमा खडा हुने ? निश्चित पनि हामी मुलुकको अश्मिता लुटिएको टुलुटुलु हेरेर बस्न सक्दैनौं । यसकारण देश भक्तिपूर्णधारमा लामबद्ध भएर अमेरिकी साम्राज्यवादलाई हाम्रो मुलुकमा पस्न दिनु हुँदैन फलामे ढोका लगाएर बन्द गर्नुपर्दछ धुलो चटाउनु पर्दछ । देशभित्रका अमेरिकी गुलाम राष्ट्रघातिहरुलाई लोप्पा खुवाउन पर्दछ। यसरी मात्र हाम्रो देशको स्वतन्त्रताको रक्षा गर्न सकिन्छ र सच्चा देशभक्तिको परिचय दिन सकिन्छ । बाटो कठिन भएपनि सामन नगरिकन सुखै छैन ।

## काठमाडौंको...

परियोजनाको रहस्योद्घाटन गर्दै यो हिन्दप्रशान्त परियोजना अन्तर्गत एम.सि.सि. परियोजना हो जस्मा नेपाल पनि सहभागी भएको खण्डमामात्र ५५ अरब दिने शर्त राखिएको हो । जुन अत्यन्त दुखद हो ।

३७२ वर्ग कि.मि. नेपालीभूभाग भारतीय नक्सामा गाभेर मानचित्र प्रकासित गर्दासमेत यो सरकार आफुसहित जनताहरुलाई विरोधको निमित्त अनुरोध नगर्नु दलाली तथा भ्रष्टाचारी गर्नु हो नेता गजुरेलको भनाइ थियो ।

राष्ट्रियता, स्वाधीनता, सार्वभौमिकता, स्वतन्त्रतालगायतका विषयमा रक्षा गर्नु सरकारको दायित्वभित्र पर्ने कामकुराहरु हुन् तर ओली यस विषयमा चुप्चाप् रहनुले उस्को खोक्रो राष्ट्रियता स्पष्ट भएको प्रमाणित हुन्छ ।

एम.सि.सि.जस्तो घातक परियोजनाद्वारा नेपालमा सैन्य अखडा निर्माण गरेर रुस, चिन र उत्तरकोरियामाथि धावा बोल्दै विशेषतः चिनमाथि अधिकार जमाउन प्रयास गर्नु हो । यसरी नेपाललाई सैन्य अखडा बनाएर चिनमाथि आक्रमणगर्दा चिनले पनि प्रत्युत्तरमा हातहतियार प्रक्षेपण गर्दा त्यस्को गम्भिर प्रभाव नेपालमा पर्छ अनि कसरी नेपाली जनता सुखी र समृद्ध हुनेछन् त्यस अवस्थामा ओलीसरकारको नारा सुखी नेपाली,समृद्ध नेपालको घोषणा कसरी साकार हुन सक्छ ।

त्यस्तै राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसीले विगत ६० वर्षदेखि नै कालापानीमा भारतीयसेना तैनाथ छन् र अहिले आएर उस्ले नक्सा प्रकाशित नै गरेर हाम्रो देशको भक्तपुर जिल्लाजस्तो ३ ओटा जिल्ला ओगट्ने कालापानीलगायतको ३७२ वर्ग कि.मि. क्षेत्र कब्जा गर्दा पनि वर्तमान सरकार मौन रहनुले यो दलाल, भ्रष्ट भएको पुष्टि भएको छ ।

एम.सि.सि. अमेरिकी योजना अन्तर्गत ५५ अरब सहयोग गर्ने, विद्युत् योजना निर्माण गर्ने, रोगारीका अवसर दिने आदिको नाममा साम्राज्यवादीहरु प्रवेश गरेर आफ्नो स्वार्थपूर्ति गर्ने साथै सैन्य अखडा निर्माण गरेर चिन, रसिया र उत्तर कोरियालाई नियन्त्रण गर्दै विशेष गरि उदीयमान चिनसङ्ग शत्रुतापूर्ण व्यवहार गर्नु हो जुन नेपाल र नेपालीहरुको निमित्त घातक छ । यसप्रकार साम्राज्यवादीशक्ति अमेरिकासङ्ग मिलेर सत्तासीन पाटीहरु तथा मिडियाहरु पनि आफ्नो तुच्छ स्वार्थमा लिप्त भएर देस कङ्काल बनाउने षड्यन्त्रमा नलागेर पुनर्विचार गरि एम.सि.सि. सम्झौता रद्द/खारेजी गर्नु नै श्रेयस्कर छ नेता केसीले भनेँ ।

नेकपा(माले) का सी.पी. मैनालीले आफ्नो धारणा राख्दै लिपुलेक, लिम्पियाधुरा, कालापानीलगायतका ऐतिहासिक स्थल व्यासक्षेत्र अन्तर्गत अतिक्रमण गर्न उद्दत रहनु त्रिदेशीय नाका भारत, नेपाल र चिनलाई जाड्ने व्यापारिक नाका तथा सामरिक हिसाबले पनि महत्व भएकोले हो त्यसैले यस्तो महत्वपूर्ण भूभागको रक्षार्थ सबै एकजुट रहनु आजको समयको माग पनि हो भने ।

एम.सि.सि. परियोजना अन्तर्गत सैन्य अखडा निर्माण गरेर चिन, रुस आदिसङ्ग शत्रुतापुर्ण व्यवहार गर्नु उसको उद्देश्य हो जुन हामिले बेलैमा विचार गरेर सम्झौता खोरेज गर्नुमा नै हाम्रो बुद्धिमानी देखिन्छ । जसरी साम्राज्यवादी शक्तिहरुको चलखेलद्वारा रसिया दुर्गतिमा पुगेको थियो त्यस्तै अवस्था चीनलाई पनि गराउनु हो यो एम.सि.सि. सम्झौता । विस्तारवादी विट्रिसहरुले भारतभूमि छोडे पनि भारत अझै पनि विस्तारवादी नीतिमा लिप्त हुनु दुखद हो नेता मैनालीले प्रकाश पारे ।

कार्यक्रममा नेकपा मसालका प्रवक्ता रामप्रकाश पुरी, नेकपाका अध्यक्ष ऋषि कट्टेल, नेकपा माओवादी केन्द्रका अध्यक्ष गोपाल किराँती, नेकपा क्रान्तिकारी माओवादीका पोलिटव्युरो सदस्य दिनेश शर्मालगायतले एमसीसीको विरोधमा आवाज उठाउनु भएको थियो ।

## संसदीय...

विकास र प्रयोग गरियो । स्टालिनको मृत्यु पश्चात् सोभियत सङ्घ रुसमा ख्रुश्चोवद्वारा प्रतिक्रान्ति गरियो । यसबाट पाठ सिक्दै क. माओले क्रान्तिपछि प्रतिक्रान्ति र फेरि क्रान्ति हुन्छ त्यसको लागि निरन्तर क्रान्तिको सिद्धान्त प्रतिपादन गर्नु भयो । निरन्तर क्रान्ति भन्नाले वर्गसङ्घर्ष, उत्पादनमा सङ्घर्ष, वैज्ञानिक प्रयोग र सर्वहारा सांस्कृतिक क्रान्ति हुन । सन् १९७६ मा क. माओको मृत्यु पश्चात् चिनमा प्रतिक्रान्ति भयो ।

नेपालमा सन् १९४३ अप्रिल २२ मा पुष्पलाल श्रेष्ठको नेतृत्व र संस्थापकत्वमा भारतको कलकत्तामा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएको थियो । वि.स. २०१० सालमा पहिलो महाधिवेशनपछि नेपाल कम्युनिष्ट पार्टी दक्षिणपन्थी बन्न गयो । वि.सं. २०१४ सालमा दोश्रो महाधिवेशन र वि.स. २०१९ सालमा तेश्रो महाधिवेशन सम्पन्न् भएता पनि नेपाल कम्युनिष्ट पार्टी क्रान्तिकारी बन्न सकेन । वि.सं. २०२५ सालमा पुष्पलाल श्रेष्ठले छुट्टै नेपाल कम्युनिष्ट पार्टी पुनर्गठन गरी नयाँ जनवादी क्रान्ति सशस्त्र सङ्घर्षद्वारा भन्ने कार्यदिशा ल्याउनु भयो । वि.सं. २०२८ सालमा झापा विद्रोहबाट वि.सं. २०३५ सालमा नेपाल कम्युनिष्ट पार्टी (माले) निर्माण भयो । त्यस्तै एम.वि.सिंह, निर्मल लामा र भक्तबहादुर श्रेष्ठले वि.सं. २०२८ सालबाट केन्द्रिय न्युक्लस हुँदै वि.सं. २०३१ सालमा नेपाल कम्युनिष्ट पार्टीले चौथो महाधिवेशन गरी नेपाल कम्युनिष्ट पार्टी (चौथो महाधिवेशन) निर्माण गरियो । वि.सं. २०४७साल पछि पुष्पलाल गुट मार्क्सवादी र माले गुट मिलेर नेकपा (एमाले) निर्माण गरी संसदीय बाटो गयो ।

नेकपा चौथो महाधिवेशन फुट भयो र वि.सं. २०४७ सालपछि एम.वि.सिंह मसालबाहेक अरु चौम, मशाल र सर्वहारावादी सङ्गठन मिली नेकपा (एकता केन्द्र) वि.सं. २०४८मा एकता महाधिवेशन गरी नेपालमा नयाँजनवादी क्रान्ति दीर्घकालीन जनयुद्धद्वारा भन्ने कार्यदिशासहित पार्टी निर्माण भयो । वि.सं. २०५१ सालमा नेकपा (एकताकेन्द्र) का अल्पमत पक्ष फुटेर एकताकेन्द्र बन्यो तर बहुमत पक्षले नेकपा (माओवादी) नामकरण गरी वि.सं.२०५२ साल फागुन १ गतेबाट महान् जनयुद्ध सुरु गरियो । महान् जनयुद्धले रक्षा, सन्तुलन पार गर्दै प्रत्याक्रमणमा प्रवेश गर्दासम्म ८० प्रतिशत भूभागमा पुरानो सत्ता खाली भइ माओवादी जनसत्ता स्थापित हुन थालेको, ३१ हजार जनमुक्तिसेना निर्माण हुँदा १७ हजारभन्दा बढिले सहादत गरेको अवस्थामा वि.सं. २०६२ चुनवाङ् बैठकबाट नेकपा( माओवादी) का नेतृत्वले दक्षिणपन्थी बाटो समाउनाले वि.सं. २०६३ सालबाट शान्ति र संविधानको नाममा जनयुद्ध अन्त्य गरि लोकतान्त्रिक गणतन्त्रमा रमाउन थाल्यो । नेकपा( माओवादी) भित्र यस्तो विकृति क. किरण र क. गौरव जेल परेपछि भएको थियो ।

क. किरण र क. गौरवको नेतृत्वमा पार्टीभित्र रेड फ्रयाक्सन ग्रुप निर्माण गरि वि.सं. २०६९ मा नेकपा-माओवादी पुनर्गठन गरियो । वि.सं. २०६९ मा काठमाण्डौंको कमलादिमा नयाँजनवादी क्रान्ति जनयुद्धको जगमा जनविद्रोह भन्ने कार्यदिशा पारित गरि सातौं महाधिवेशन सम्पन्न गरियो । नेकपा-माओवादी क्रान्तिकारी एवम् सशक्त बन्दै गर्दा नेत्रविक्रम चन्द विप्लव समुह वि.सं. २०७१ मा अलगियो । क. किरणको नेतृत्व भएको नेकपा-माओवादी र क. परिथापाको नेतृत्वको नेकपा (एकिकृत) एकिकरण भइ नेकपा (क्रान्तिकारी माओवादी) वि.सं. २०७२ सालमा निर्माण गरियो । वि.सं. २०७४ सालमा नेकपा (क्रान्तिकारी माओवादी) ले नयाँजनवादी क्रान्ति सशस्त्र जनविद्रोहद्वारा भन्ने कार्यदिशा र मार्क्सवाद-लेनिनवाद-माओवाद पथ प्रदर्शक सिद्धान्त पारित गरेको छ । वि.सं. २०७३सालमा बादल समुह अलगिएकोले पार्टीले पहिलो चरण सङ्गठन, सङ्गठन फेरि पनि सङ्गठन भन्ने अभियान अगि बढायो । पार्टीले दोश्रो चरणमा सङ्गठन, सङ्घर्ष,, सङ्गठन भन्ने र अहिले सङ्घर्ष, सङ्गठन, सङ्घर्ष भन्ने अभियानमा छ । अहिले लिम्पियाधुरा, कालापानी, लिपुलेकसहित नेपालको भूभाग भारतको नक्सामा पारेपछि राष्ट्रियताको मुद्दा प्रवल बन्न गएको अवस्थामा राष्ट्रिय स्वाधीनताको लागि, जनतन्त्र, जनजीविकाको लागि र नयाँजनवादी क्रान्तिको तयारीमा नेकपा (क्रान्तिकारी माओवादी) अग्रसर भइरहेको छ ।

नेपालमा प्रतिगामी, सुधारवादी र क्रान्तिकारी पार्टीहरु छन् । राप्रपा र तराइवादी दलहरु प्रतिगामी सोच बोकेका छन् नेका, नेकपा प्रतिगामी उन्मुख सुधारवादी र केहि साना दलहरु संसद्वादी सोच बोकेका छन् । नेकपा( एकिकृत), मसाल, विप्लव समुह मध्ये एकिकृत र मसाल नयाँजनवाद र जनविद्रोहको पक्षमा भने पनि स्पष्ट छैन। विप्लवसमुहको कार्यदिशा स्पष्ट छैन। एकिकृत जनक्रान्ति र वैज्ञानिक समाजवाद सत्ता साझेदारी भनेको छ । विप्लवको तर्क के छ ? भने नेपालमा सर्वहारा नभएकोले मिडिल क्लास्को र निम्न पुँजिजीवीको सङ्ख्या बढि भएको यहाँको क्रान्ति सर्वहाराक्रान्ति नभएर एकिकृत जनक्रान्ति मिडिल क्लास्को नेतृत्वमा हुन्छ भनेका छन् । अर्को कुरा जनवादी क्रान्तिको आवश्यकता नदेखि वैज्ञानिक समाजवादको कार्यदिशा भने पनि त्यो फौजी कार्यदिशा नभएकोले स्पष्ट छैन । जहाँ सर्वहारा छैन त्यहाँ कुनखाले क्रान्ति हुन्छ भन्ने प्रश्नमा लेनिन भन्नुहुन्छ, जहाँ पुँजिवादको विकास भएको छैन त्यहाँ पनि क्रान्ति हुन्छ कहिले, कस्तो र कसरी भन्ने सवालमा त्यहाँको कमरेडहरुले बताउनेछन् । जहाँ पुँजिवादको विकास भएको छैन त्यहाँको क्रान्ति नयाँजनवाद दीर्घकालीन जनयुद्धद्वारा भनूने कार्यदिशा हुन्छ जुन क. माओले मार्क्सवाद-लेनिनवादमा थप गरी मार्क्सवाद-लेनिनवाद-माओवाद हो । माओले नयाँजनवादी क्रान्ति भनेको सामन्तवाद र साम्राज्यवाद विरोधी क्रान्ति भन्नु भएको छ । यस अर्थमा विप्लवको एकिकृत जनक्रान्तिको तुक छैन । मार्क्सले भन्नु भएको छ , सर्वहारावर्गले ढाँट्दैन पुँजिपतिवर्गको सत्ता बलप्रयोग गरि फाल्नेछ । यहाँ एकिकृत जनक्रान्ति र वैज्ञानिक समाजवादमा फौजी कार्यदिशा छैन । मार्क्स, एङ्गेल्स, लेनिन र स्टालिनले विकास गरेको मार्क्सवाद-लेनिनवाद अनुसार पुँजिवादी देशमा राजनीतिक कार्यदिशा समाजवाद र फौजी कार्यदिशा सशस्त्र जनविद्रोह हुन्छ भने माओको अनुसार अर्धसामन्ती अर्ध-औपनिवेशिक देसमा कार्यदिशा नयाँजनवादी र फौजी कार्यदिशा दीर्घकालीन जनयुद्ध हुन्छ यसबाट स्पष्ट हुन्छ कि विप्लवको कार्यदिशा स्पष्ट छैन । नयाँजनवादी चरण नमान्नु विप्लवको अस्पष्टता नै हो । विगतमा हामीले २०४८ सालको महाधिवेशनले पारित गरेको नयाँजनवादी क्रान्ति जनयुद्धबाट भन्ने कार्यदिशा २०५२ फागुन १ गतेबाट लागु गरेर हिंडेका थियौं, विप्लवको त्यो अवस्था हैन ।

अन्तमा हाम्रा महान् दार्शनिक मार्क्स, लेनिन र माओले देखाएको बाटो मार्क्सवाद-लेननवाद-माओवाद एकमात्र अजेय हतियार हाम्रो साथमा छ जतिसुकै झुकाए पनि सामन्त, संसदवादी र दक्षिणपन्थीहरु क्रान्ति रोक्न सफल हुनेछैन। विद्यमान वर्गीय समाज ९० र १० प्रतिशतमा विभाजित भएकोले ९० प्रतिशत श्रमजीवीहरुको मुक्ति १० प्रतिशत सामन्त, नोकरशाही दलाल पुँजिपतिवर्ग र पुँजिपतिवर्गको सत्ता ध्वंश गरी नयाँजनवादी, समाजवादी क्रान्ति हुँदै वर्गविहीन साम्यवादी समाजमा नपुगेसम्म वर्गसङ्घर्ष रोकिने छैन । सुधारवाद र संसद्वाद सुधारवादी सिद्धान्त भएकोले क्रान्तिलाई पर सार्नेमात्र हुन्छ अन्तमा क्रान्ति भएर छाड्छ । त्यसैले संसदीय भ्रममा नपरी नयाँजनवादी क्रान्तिको तयारीमा लागौं, यसैमा भलाइ छ ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
खोटाङ यातायात प्रा.लि.
काठमाडौंबाट- हलेसी,
ऐसेलुखर्क, बाक्सीला, भोजपुर,
ओखलढुंगा, सोलु जानु परेमा
हामीलाई सम्झनुहोस् ।
सम्पर्क–
कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

रोयल बुईपा A/C जम्बो हाईस


गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का – ९८४२८३७७९३
– ९८१७७१९६९७
ईन्द्र कट्टेल – ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५–४२१६४३
पुरुषोत्तम खनाल – ९८५२८३५६९०
– ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

## आलोपालो

# संसदीय भ्रममा नपरी नयाँ जनवादी क्रान्तिको तयारीमा लागौँ

*हाम्रा महान् दार्शनिक मार्क्स, लेनिन र माओले देखाएको बाटो मार्क्सवाद-लेननवाद-माओवाद एकमात्र अजेय हतियार हाम्रो साथमा छ जतिसुकै भुकाए पनि सामन्त, संसदवादी र दक्षिणपन्थीहरू क्रान्ति रोक्न सफल हुनेछैना। विद्यमान वर्गीय समाज ९० र १० प्रतिशतमा विभाजित भएकोले ९० प्रतिशत श्रमजीवीहरूको मुक्ति १० प्रतिशत सामन्त, नोकरशाही दलाल पुँजिपतिवर्ग र पुँजिपतिवर्गको सत्ता ध्वंश गरी नयाँजनवादी, समाजवादी क्रान्ति हुँदै वर्गविहीन साम्यवादी समाजमा नपुगेसम्म वर्गसङ्घर्ष रोकिने छैन*



● भरत बुर्जामगर ●

मार्क्सवाद सर्वहारावर्गको मुक्तिको सिद्धान्भरतो प्रणेता कार्ल मार्क्स (१८१८-१८८३) र फ्रेडरिक एङ्गेल्स (१८२०-१८९५) हुन्। मार्क्सवाद प्रुधौंको अराजकतावाद, दक्षिणपन्थी सुधारवाद, व्लाड्की-बाकुनिनको उग्रवादसहित सबैखाले प्रतिक्रियावादी विचारसित सङ्घर्ष गरि विकास भएको सिद्धान्त हो। मार्क्सवाद मार्क्स-एङ्गेल्सद्वारा सर्वप्रथम सन् १८४८मा कम्युनिष्ट घोषणापत्र मार्फत विश्व सामु प्रस्तुत गरियो। मार्क्सवादको तीन सङ्घटकहरु दर्शन, द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद जर्मनीका विलहेल्म फेडरिक हेगेलको (१७७०-१८३१) द्वन्द्वात्मक र फायरवाखको भौतिकवादको समायोजनबाट निर्माण गरिएको , राजनीतिक अर्थशास्त्र वेलायती अर्थशास्त्री आडम स्मिथ, रविन्स, मार्शल र रिकार्डोको अर्थशास्त्रको व्याख्यात्मक अध्ययनबाट संश्लेषित गरी फ्रान्सको समाजवादी अध्ययनबाट वैज्ञानिक समाजवाद विकास गरिएको थियो।

मार्क्सवाद वर्गीय समस्या हटाउन, वर्गसङ्घर्षबाट समाजलाई अगि बढाउँदै, सर्वहारावर्गको पार्टी कम्युनिष्ट पार्टीको नेतृत्वमा लालसेनाद्वारा पुँजिपतिवर्गको राज्यसत्ता बलप्रयोगद्वारा ध्वंश गरी सर्वहारा अधिनायकत्व निर्माण गरी वैज्ञानिक समाजवाद हुँदै साम्यवादमा पुग्ने लक्ष्य हो। कम्युनिष्ट पार्टी र लालसेना विना सन् १८७१मा पेरिस कम्युनले पुँजिपतिको राज्यसत्ता विरुद्ध धावा बोले फलस्वरुप सत्ता ढल्यो। तर ७२ दिनपछि पार्टी र सेनाको अभावले गर्दा पेरिस कम्युन ढल्यो। पेरिस कम्युनबाट नयाँ पाठ सिक्दै मार्क्स-एङ्गेल्सले सत्तामा वलप्रयोगको भूमिका अनिवार्य भन्ने थप्नु भयो। सन् १८८३मा कार्ल मार्क्सको मृत्युपछि फ्रेडरिक एङ्गेल्सले मार्क्सवादको समृद्धि गर्नु भयो तर एङ्गेल्को सन् १८९५ मा मृत्यु भयो।

मार्क्स र एङ्गेल्सको मृत्युपछि रुसका भ्लादिमिर इलियिच उल्यानोभ लेनिनले मार्क्सवाद गहिरोसित अध्ययन गरी मार्क्सवादलाई समृद्धि गरी मार्क्सवाद-लेनिनवादका दोश्रो चरणमा विकास गर्नु भयो। लेनिनले मार्क्सवादलाई रुसी परिवेशमा सृजनात्मक ढङ्गले लागु गर्नु भयो। लेनिनले पुँजिवादी परिवेशमा मजदुरवर्गबाट लडाकु कम्युनिष्ट पार्टी निर्माण गरी लालसेनाको सहयोगमा अल्पकालीन सशस्त्र आम जनविद्रोहद्वारा समाजवादी क्रान्ति गर्नु पर्ने अवधारणा ल्याउनु भयो। फलस्वरुप सन् १९१७ अक्टोबर २५ मा रसियन कम्युनिष्ट पार्टी (वोल्सेविक) लेनिनको नेतृत्वमा पृथ्वीको भण्डै ६ भागको १ भाग रुसमा समाजवादी क्रान्ति सम्पन्न भयो। सन् १९२४मा भि. आइ. लेनिनको मृत्यु भयो त्यसपछि क.य जोसेफ स्टालिनले सोभियत समाजवादलाई अगि बढाउनु भयो अन्तमा सन् १९५४ मा क. स्टालिनको पनि मृत्यु भयो।

सोभियत रुसको समाजवादी क्रान्ति पछि विश्वभरि मार्क्सवाद-लेनिनवादको प्रचार भयो। चिनमा सन् १९२१मा क. माओको (१८९३-१९७६) संस्थापकत्वमा चिनियाँ कम्युनिष्ट पार्टीको स्थापना भयो। जसरी पुँजिवाद उन्मुख रुसमा मार्क्सवाद प्रयोग गर्दा मार्क्सवाद-लेनिनवादको रुपमा विकास भयो। त्यसैगरी मार्क्सवाद-लेनिनवाद चिनमा प्रयोग गर्दा मार्क्सवाद-लेनिनवाद-माओवादको रुपमा क. माओद्वारा विकसित गरियो। मार्क्सवाद-लेनिनवाद अनुसार पुँजिवादी परिवेशमा समाजवादी क्रान्ति सशस्त्र आमजनविद्रोहद्वारा भन्ने हुन्छ भने अर्धसामन्ती, अर्ध-औपनिवेशिक देसमा समाजवादी व्यवस्थामा जान पुजिको विकास गर्न नयाँ जनवादी क्रान्ति दीर्घाकालीन जनयुद्धद्वारा भन्ने मान्नेता क. माओले चिनियाँ क्रान्तिको व्यवहारबाट विकास गरिएको हो। फलस्वरुप चिनमा सन् १९४९मा माओको नेतृत्वमा नयाँजनवादी क्रान्ति सम्पन्न भयो। यसरी मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओद्वारा मार्क्सवाद -लेनिनवाद-माओवादको *बाँकी ७ पेजमा*

# जनयुद्धको रगतमा टेकेर सरकारमा गएकाहरुले धोका दिए : महासचिव किरण




सम्बोधन गर्दै सफलताको शुभकामना व्यक्त गर्नेमा नेपाल महिला संघ क्रान्तिकारीकी अध्यक्ष अम्बिका मुड्भरी, अखिल नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष प्रा.डा.ओम् गुरुङ, फुर्नाम्गेल मोक्तान र माइलाबाबु देउला, डा.महेसमान श्रेष्ठ थिए।

नेवाः राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठको सभापतित्वमा सञ्चालित उद्घाटन कार्यक्रममा स्वागात मन्तव्य गोर्की श्रेष्ठले गरेका थिए भने सञ्चालन मोर्चाका महासचिव शिव श्रेष्ठले गरेका थिए। कार्यक्रमका अतिथिहरुमा नेपाल मजदुर संघ (क्रान्तिकारी) का अध्यक्ष ईश्वर तिमिल्सिना, नेपाल किसान महासंघ (क्रान्तिकारी) का अध्यक्ष सिताराम तामाङ, डा. जगदीशचन्द्र भण्डारी, विद्यार्थि नेता हरिकृष्ण गजुरेल, भरतबुर्जा मगर, पुष्पगोपाल श्रेष्ठ, रबिन्द्र मिश्र, लगायतको उपस्थिति थियो।

उद्घाटन पश्चात् मोर्चाको केन्द्रीय कार्यालयस्थित बैकुण्ठ-चेत साँस्कृतिक हलमा माघ २५ गते सूर्य बहादुर नकर्मिको अध्यक्षतामा सुरेश श्रेष्ठ, मनोज श्रेष्ठ, भाजुरत्न शाक्य र गंगा मानान्धरसहित ५ जनाको अध्यक्ष मण्डलको चयनपछि बन्द सत्रको सुरवात भयो। बन्द सत्रमा अतिथिको रुपमा अखिल नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष नगेन्द्र राई र राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी संगठनका अध्यक्ष हुकुम बहादुर सिंहको उपस्थिति थियो।

बन्द सत्रमा नेवाः मोर्चाका अध्यक्ष कमरेड पवनमान श्रेष्ठले "आन्तरिक राष्ट्रियता र बाह्य राष्ट्रियता सुदृढ गर्न आमजनपरिचालन ! पहिचानसहित संघीयता र नेवाः राज्य स्थापनाका लागि शसक्त संघर्ष संचालन !! नेवाः भूमि, भाषा, कला, संस्कृति, सम्पदा र रोजगार अतिक्रमणका विरुद्ध तेस्रो राष्ट्रिय सम्मेलन !!!"शीर्षकको राजनैतिक प्रतिवेदन र "नेवाः जातिको विकास र आजको स्थिति" शीर्षकको पूरक प्रतिवेदन प्रस्तुत गरेका थिए। नेवाः मोर्चाका महासचिव क. शिव श्रेष्ठले मोर्चाको विधान प्रस्तुत गरेका थिए । अध्ययनका लागि सम्मेलन पूर्व नै वितरण गरिएको विधान र प्रतिवेदनमाथि गंभीर छलफल भई प्रतिनिधि कमरेडहरुबाट सुझावहरु राख्ने काम भयो र उक्त विधान र प्रतिवेदन आवश्यक परिमार्जन सहित एक मतले पारित गरियो।

विधान र प्रतिवेदन पारित भइसकेपछि नेवाः मोर्चाका अध्यक्ष कमरेड पवनमान श्रेष्ठको पुरानो केन्द्रीय समिति विघटनको प्रस्तावलाई हलले अनुमोदन गरिसकेपछि ६ जनापछि थप्ने गरी ३१ जनाको प्यानल प्रस्ताव पेश गरियो । छलफलपछि हलले उक्त प्रस्तावलाई एकमतले पारित गऱ्यो । परित प्यानलका कमरेडहरुको बैठक जेष्ठ सदस्य कमरेड मानध्वज श्रेष्ठको अध्यक्षतामा संक्षिप्त बैठक बसी पदाधिकारी चयन गर्ने काम भयो। जस अनुसार अध्यक्षमा पवनमान श्रेष्ठ, उपाध्यक्षमा तीन जना सुरेश श्रेष्ठ, मानध्वज श्रेष्ठ र गोर्की श्रेष्ठ, महासचिवमा शिव श्रेष्ठ, सचिवमा दुई जना श्रीकृष्ण सुलु र जगदिश्वर महर्जन तथा कोषाध्यक्षमा सपना राजथला चुनिनु भयो। त्यसै गरी सदस्यहरुमा मनोज श्रेष्ठ, सचिर महर्जन, अमिर ताम्राकार, रत्न महर्जन, गोपाल महर्जन, बोधराज श्रेष्ठ, ज्ञानेन्द्र प्रजापति, गंगा मानान्धर, नरेन्द्रमान श्रेष्ठ, भाजुरत्न शाक्य, निरन तुलाधर, कृष्णप्रसाद घेमोसु, राम कोजु, तिलक श्रेष्ठ, चुडामणी श्रेष्ठ, राजकुमार देउला र अर्पना श्रेष्ठ निर्वाचित गरिए।

निर्वाचित कार्यसमितिको तर्फबाट अध्यक्ष पवनमान श्रेष्ठले नेवाः लगायतका आदिवासी जनजातिको मुक्ति र समग्रमा देश तथा जनताको मुक्तिका लागि नयाँ जनवादी क्रान्तिसम्म पुऱ्याउन निरन्तर नेवाः मोर्चालाई संघर्ष मार्फत अगाडि बढाई शहिद तथा वेपत्ता योद्धाहरु सपना साकार पार्न लागि पर्ने प्रतिबद्धता जनाए।

निर्वाचित कार्यसमितिको कार्यकालको सफलताको शुभकामना मन्तव्य अतिथिहरु नगेन्द्र राई र हुमुम बहादुर सिंहद्धारा राखियो । अन्तमा बन्द सेसनका अध्यक्ष मण्डलका अध्यक्ष सूर्य बहादुर नकर्मीले निर्वाचित कार्यसमितिको सफलताको शुभकामनासहित बन्द सत्र समापन गरिएको घोषणा सहित नेवाः राष्ट्रिय मुक्ति मोर्चाको तेस्रो राष्ट्रिय सम्मेलन सफलता पूर्वक सम्पन्न भयो।

# बेपत्ता योद्धा मिलन नेपालीको आमा भगवती खवासप्रति श्रद्धाञ्जली



बेपत्ता योद्धा मिलन नेपालीको आमा भगवती खवासको यही माघ १६ गते निधन भएकोमा नेकपा (क्रान्तिकारी माओवादी) ३ नं. प्रदेश कमिटीले मृतक खवासप्रति श्रद्धाञ्जली अर्पण गर्दछ। उहाँका श्रीमान निलबहादुर खवास नेकपा (मशाल)को केन्द्रीय सदस्य हुनुहुन्थ्यो जसको मृत्यु २०५१ माघ २८ गते भएको थियो। उहाँको जन्म १९९३ साल वैशाख २९ गते भएको थियो। उहाँको पार्थिव शरीरमा अन्तिम श्रद्धाञ्जली अर्पण गर्न नेकपा (क्रान्तिकारी माओवादी) स्थायी समिति सदस्य सीपी गजुरेललगायत पार्टी नेतृत्व र कार्यकर्ताहरुको पशुपति आर्यघाटमा उपस्थिति थियो। उहाँको श्रद्धाञ्जली सभा यही माघ २७ गते बसुन्धरा चोकमा गरिने पारिवारिक स्रोतबाट जानकारी प्राप्त भएको छ।

**यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !**

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक







**गोकर्णेश्वर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
जोरपाटी काठमाडौ
३ नं. प्रदेश नेपाल

**सूचना**

१. स्वास्थ्य र पौस्टिक खान खाऔं, नियमित स्वास्थ्य जाच गरौ
२. हाम्रो नगरको पहिचान, संस्कृति गौरव र अस्तित्व विशिस्ट मौलिकता बोकेको गोकर्णेश्वर नगर
३. सुशासन, सरसफाई र विकास निर्माणमा सबै स्थानीय जनताहरु जागरुक हऊ
४. बच्चा ५ वर्ष नपुगुन्जेल नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी बच्चालाई खुवाउनु पर्ने पोषिलो खानेकुराबाट जानकारी लिई पोषण स्थिति थाहा पाउन तौल लिई वृद्धि अनुगमन गरौ
५. म्याद गएको सामग्रीहरुको बिक्री वितरणमा रोक लगाऔं उपभोक्ताको जीवनसंग खेलवाड नगरौ
६. बोट बिरुवा रोपौ गोकर्णेश्वर नगरपालिकालाई स्वच्छ सफा र हराभरा बनाऔं।

**भिम बहादुर शाही**
प्रशासन, योजना तथा अनुगमन शाखा
**गोकर्णेश्वर नगरपालिका**

**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।